नेपाली राष्ट्रिय दैनिक
# हिमालय टाइम्स
www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times
वर्ष ३०, अंक २९८ काठमाडौं | २०८२ कात्तिक १७ सोमबार | कार्तिक शुक्लपक्ष, त्रयोदशी नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Monday 3 November 2025 | पृष्ठ ८ | मूल्य रु ५।-

# आठ वाम, एक ठाम !
## पार्टी एकतासम्बन्धी सहमतिपत्रमा हस्ताक्षर


नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहित विभिन्न आठ राजनीतिक दलका प्रतिनिधि आइतबार १८ बुँदे सहमति गर्दै ।

**डिबी शर्मा / हिटा**
काठमाडौं, १६ कात्तिक

आठवटा कम्युनिष्ट पार्टी र समूहहरू एक हुने भएका छन् । नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित आठवटा वामपन्थी पार्टीहरूले आइतबार साँझ एकता गर्ने सहमति गरेका हुन् । माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडामा भएको छलफलपछि आठ दलले एकताको सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनसमाजवादी पार्टी नेपालका अध्यक्ष सुवासराज काफ्ले, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेकपा महासचिव चिरन पुन, नेकपा समाजवादीका अध्यक्ष राजु कार्की, ने.क.पा. माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी र ने.क.पा साम्यवादीका अध्यक्ष प्रेमबहादुर सिंहले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो । एकीकृत समाजवादीको केन्द्रीय समिति बैठकले शुक्रबार मात्रै माओवादीसहितका दलहरूसँग एकता गर्ने निर्णय गरेको थियो ।

» पृष्ठ २ मा क्रमशः

### १९ गते एकता घोषणा, ६ महिनाभित्र राष्ट्रिय महाधिवेशन

एकता प्रक्रियामा सहभागी सबै घटकहरूका केन्द्रीय समितिहरूको संयुक्त भेलाको रूपमा यही कात्तिक १९ गते एकता राष्ट्रिय सम्मेलनको आयोजना गर्ने भएको छ । एकता राष्ट्रिय सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणा पत्र र अन्तरिम विधान पारित र केन्द्रीय समितिको गठनलगायत कार्यहरू गरिने सहमति पत्रमा उल्लेख छ । आगामी ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गरिनेछ । केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद हुनेछ । प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा पनि संयोजक र सहसंयोजक व्यवस्था हुनेछ । एकता भएका आठ दलको चुनाव चिह्न तारा प्रस्ताव गरिएको छ । एकता सहमतिपत्रमा हस्ताक्षर गरेसँगै उनीहरूले पार्टीको चुनाव चिह्न तारा रहने जानकारी दिएका हुन् । पार्टीको नाममा सहमति भइसकेको छैन । सहमति पत्रमा पनि पार्टीको नाम खाली राखिएको छ ।

## निर्वाचनको माहोल बनाउन प्रधानमन्त्री चरणबद्ध छलफलमा


प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार सातै प्रदेशका मुख्यमन्त्रीहरूसँगको छलफलपछि सामूहिक तस्वीरमा प्रधानमन्त्री सुशीला कार्की । तस्वीर : रासस

**नारायण भण्डारी / हिटा**
काठमाडौं, १६ कात्तिक

२१ फागुनको चुनाव हुने विषयमा विभिन्न पक्षबाट आशंका भइरहँदा सरकारले निर्वाचनको वातावरण निर्माणका लागि राजनीतिक दल र सरोकारवाला पक्षहरूसँग चरणबद्ध वार्ता र संवाद अघि बढाएको छ । 'जेन-जी' आन्दोलनको जगमा गठित वर्तमान सरकारले आगामी फागुन २१ मा घोषित निर्वाचन सम्पन्न गर्ने तथा मुलुकमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि पहलकदमी लिएको हो । उक्त प्रयोजनका निम्ति सरकारले दैनिकजसो सरोकारवाला पक्षसँग वार्ता र संवाद गरिरहेको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले आइतबार पनि मुख्यमन्त्रीहरूसँग छलफल गर्नुभएको छ । बैठकमा कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार, बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी

» पृष्ठ २ मा क्रमशः

### सरकारसँग सहकार्य गर्न सातै प्रदेशका मुख्यमन्त्री तयार

सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको प्रमुख चुनौती शान्ति सुरक्षाको विषय रहेकाले यसलाई गम्भीरतासाथ लाग्नुपर्ने बताएका छन् । प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफलमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न तयार रहेको बताएका हुन् । प्रधानमन्त्री कार्कीले राजनीतिक दलसहित सबै पक्षसँग संवाद र छलफल अघि बढाएकामा सराहना गर्दै उनीहरूले निर्वाचनका पक्षमा वातावरण बनाउन आग्रह गरे । निर्वाचनको प्रमुख चुनौती शान्ति सुरक्षाको विषय रहेकाले यसलाई गम्भीरताका साथ लाग्नुपर्ने उनीहरूको धारणा थियो । संघ, प्रदेश र स्थानीय सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उनीहरूको भनाइ थियो ।

» पृष्ठ २ मा क्रमशः

## हर्क साम्पाङको श्रम संस्कृति पार्टी दर्ता



निर्वाचन आयोगले सुनसरीस्थित धरान उपमहानगरपालिका प्रमुख(मेयर) हर्क साम्पाङको श्रम संस्कृति पार्टी दर्ता गरेको छ । साम्पाङले आइतबार आयोगमा पुगेर पार्टी दर्ताको प्रमाणपत्र लिनुभएको हो । आयोगमा २०४ नम्बरमा दर्ता भएको श्रम संस्कृति पार्टीको केन्द्रीय कार्यालय काठमाडौं महानगरपालिका वडा नम्बर ४ मा रहने प्रमाणपत्रमा उल्लेख छ । हाल उक्त पार्टीमा पाँच पदाधिकारीसहित २८ केन्द्रीय सदस्य छन् । पार्टीको चुनाव चिह्न माटोको ढिस्को राखिएको छ । आफ्नो दलले औपचारिक मान्यता पाएपछि साम्पाङले देश विकासका लागि श्रमको परिचालन गर्ने लक्ष्यका साथ अघि बढ्ने बताउनुभयो । पार्टीका अध्यक्ष साम्पाङको गफले मात्रै रोजगारी सिर्जना नहुने बताउनुभयो । श्रम संस्कृति पार्टीले उत्पादन, निर्माण, सामाजिक रूपान्तरण र आर्थिक रूपान्तरणको लागि फिल्डमा खटेर काम गर्ने उहाँको भनाइ छ । देश अब नेपाली आफैँले बनाउनुपर्ने उहाँले बताउनुभयो । 'जुन काम आजसम्म भएन, त्यो काम गर्ने हो । उत्पादन, निर्माण, सामाजिक रूपान्तरणका लागि, आर्थिक रूपान्तरणको लागि हामी अब फिल्डमा निस्केर काम गर्छौं,' उहाँले भन्नुभयो, 'अफिसका बसेर भाषणमा सीमित हुँदैनौं । हामी चाहिँ पक्का फिल्डका काम गर्ने एउटा संगठन निर्माण गर्दै छौं । पहिला त यो देशमा काम गर्नुपर्छ । उत्पादन बढाउनुपर्छ ।' आफूहरूले दलको झण्डा नराख्ने उहाँले बताउनुभयो ।

# राजदूत फिर्ता गर्ने सरकारको निर्णयमा सर्वोच्चले लगायो 'ब्रेक'

**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक



सर्वोच्च अदालतले राजदूत फिर्ता गर्ने सरकारी निर्णय कार्यान्वयनमा रोक लगाउने आदेश दिएको छ । सर्वोच्च अदालतका उपरजिस्ट्रार नीराजन पाण्डेका अनुसार न्यायाधीशहरू सारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजालासबाट आइतबार उक्त आदेश भएको हो । यसअघि सरकारले विभिन्न ११ देशका राजदूतालाई फिर्ता बोलाएको थियो ।

'विभिन्न देशका १७ जना आवासीय राजदूतहरूमध्ये ११ जनालाई मात्र छनोट गरी फिर्ता बोलाउने निर्णय गर्दा सो निर्णय गर्नुपर्ने आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको नदेखिँदा प्रस्तुत निवेदनमा अन्तिम आदेश हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई उक्त मन्त्रिपरिषद्बाट मिति २०८२/०६/३० मा भएको राजदूत फिर्ता गर्नेसम्बन्धी निर्णय कार्यान्वयन नगर्नू, नगराउनू, गर्न नलगाउनू, यथास्थितिमा राख्नू, राख्न लगाउनू भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (०२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ,' सर्वोच्चको आदेशमा उल्लेख छ ।

मन्त्रिपरिषद्को गत असोज ३० गतेको निर्णयअनुसार अमेरिका, चीन, बेलायत लगायतका देशका राजदूत फिर्ता बोलाइएको थियो । फिर्ता बोलाइएका राजदूतमा चीनका लागि कृष्णप्रसाद ओली, जर्मनीका शैल रूपाखेती, इजरायलका लागि धनप्रसाद पण्डित, मलेसियाका लागि डा. नेत्रप्रसाद तिमल्सिना, कतारका लागि रमेशचन्द्र पौडेल, रुसका लागि जंगबहादुर चौहान, साउदी अरबका लागि नरेशविक्रम ढकाल, स्पेनका लागि शनिल नेपाल, बेलायतका लागि चन्द्रकुमार घिमिरे, अमेरिकाका लागि लोकदर्शन रेग्मी र जापानका लागि डा. दुर्गाबहादुर सुवेदीलाई राजदूतबाट फिर्ता बोलाएको थियो । ती सबै देशका राजदूतहरूलाई आगामी कात्तिक २० गतेभित्र देशमा फर्किसक्न निर्देशन दिइएको थियो ।

चुनावी सरकारले छानीछानी राजदूत फिर्ता बोलाएको भन्दै चौतर्फी आलोचना भएको थियो ।

» पृष्ठ २ मा क्रमशः

## सरकारी कर्मचारीलाई नयाँ सुरक्षा एडभाइजरी




**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक

सरकारले सबै निकायका सूचना प्रणाली विभागका कर्मचारीका लागि नयाँ साइबर सुरक्षा एडभाइजरी जारी गरेको छ । राष्ट्रिय साइबर सुरक्षा केन्द्रले आइतबार सरकारी प्रणालीका प्रयोगकर्ता तथा डेटाबेस र सिस्टम सञ्चालनकर्तालाई लक्षित गर्दै एडभाइजरी सार्वजनिक गरेको हो ।

सरकारी सिस्टम प्रयोगकर्ताहरूलाई प्रत्येक अकाउण्टका लागि कम्तीमा १२ अक्षरको स्पेशल क्यारेक्टर सहितको पासवर्ड राख्न अथवा पासवर्ड म्यानेजर प्रयोग गर्न भनिएको छ ।

» पृष्ठ २ मा क्रमशः

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी

# महाधिवेशनको मितिले कांग्रेस बन्यो अनिर्णयको बन्दी


कांग्रेस सुधार अभियान पक्षका युवाहरूले आइतबार कांग्रेस पार्टी मुख्यालयको गेटमा प्रदर्शन गर्दै ।

**अनिल क्षेत्री / हिटा**
काठमाडौं, १६ कात्तिक

पार्टीको १५औं महाधिवेशनको मुद्दालाई लिएर नेपाली कांग्रेसभित्र विवाद चर्किँदै गएको छ । गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनले रक्षात्मक बनेको मुलुकको सबैभन्दा पुरानो र ठूलो दल नेपाली कांग्रेस पार्टीको १५औं महाधिवेशन निर्वाचनअघि गर्ने कि पछि भन्ने विवादमा डेढ महिनादेखि कांग्रेस अनिर्णयको बन्दी बनेको हो । पार्टी महाधिवेशनको मुद्दामा अल्झिँदा कांग्रेस राष्ट्रिय राजनीति र प्रमुख मुद्दाबाट छायामा परेको छ । विवादका कारण तत्कालीन संसद्को सबैभन्दा ठूलो दल कांग्रेसको राष्ट्रिय राजनीति र प्रमुख मुद्दामा भूमिका हराउँदै गएको छ । संक्रमणकालीन अवस्थामा देशकै पुरानो दलको उपस्थिति र भूमिका शून्य देखिएको छ ।

कांग्रेसभित्र सतहमा देखिएको विवाद पार्टीको १५औं महाधिवेशन निर्वाचनअघि गर्ने कि पछि भन्ने छ । तर, वास्तविक विवाद भने सभापति शेरबहादुर देउवापछि नेतृत्व कसले लिने ? भन्ने प्रश्नमा केन्द्रीय कार्यसमितिमा रहेका दोस्रो र तेस्रो पुस्ताबीचको आन्तरिक शक्ति संघर्ष मुख्य कारण रहेको राजनीतिका

» पृष्ठ २ मा क्रमशः

### निर्वाचनमा जाने मात्रै निर्णय गर्न महामन्त्रीद्वारा अस्वीकार

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले महाधिवेशनको कार्यतालिकाबारे विवाद पछि टुंग्याउने र तत्काल निर्वाचनमा जाने निर्णय गर्ने कार्यवाहक सभापति पूर्णबहादुर खड्काको प्रस्ताव अस्वीकार गरेका छन् ।

» पृष्ठ २ मा क्रमशः

### युवाको ४० प्रतिशत प्रतिनिधित्व गराउन माग

नियमित १५औं महाधिवेशन र पार्टीमा ४० प्रतिशत युवा प्रतिनिधित्वको माग गर्दै केही युवाले कांग्रेस केन्द्रीय कार्यालय सानेपाको मूल गेटमा तालाबन्दी गरेका छन् । पटक-पटक केन्द्रीय समितिको बैठक सारेर महाधिवेशन अन्योलमा पारिएको र प्रतिनिधित्वको सवालमा अनुदार बनेको भन्दै आइतबार तालाबन्दी गरेर दबाब दिइएको युवा नेताहरूले जानकारी दिएका छन् । उनीहरूले नियमित महाधिवेशनको समय तालिका सार्वजनिक गर्न पनि माग गरेका छन् । पार्टी अनिर्णयको बन्दी भएको भन्दै छिटो निर्णय गर्नका लागि युवाहरूले तालाबन्दीपछि प्रदर्शनसमेत गरेका छन् । उनीहरूले युवाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न, नेपाली कांग्रेस र हरेक तहको निर्वाचनमा ४० मुनिका ४० प्रतिशत युवालाई समावेश गर्न माग गर्दै प्रदर्शन गरेका हुन् । युवाहरूको आवाजलाई नजरअन्दाज नगर्न पनि नेताहरूले चेतावनी दिएका छन् ।

# सरकार र स्थानीयबीच सहमतिसँगै हट्यो बञ्चरेडाँडाको अवरोध

**दिपिका न्यौपाने / हिटा**
काठमाडौं, १६ कात्तिक

- दीर्घकालीन योजनासहित अगाडि बढ्नुपर्छ : मन्त्री घिसिङ
- सधैँ बल्झिरहने एउटै समस्या

सरकार र स्थानीय बासिन्दाहरूबीच सहमति भएसँगै बञ्चरेडाँडामा फोहोर विसर्जन सुरु भएको छ । गत बुधबारदेखि बञ्चरेडाँडाका स्थानीय बासिन्दाले काठमाडौं उपत्यकाको फोहोर फाल्न अवरोध गरेपछि आइतबार बिहान सहरी विकासमन्त्री कुलमान घिसिङ ल्याण्डफिल्ड साइडको अनुगमनमा जानुभएको थियो । अनुगमनका क्रममा मन्त्री घिसिङले १५ दिनभित्र स्थानीय बासिन्दाका माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलनरत स्थानीयहरू फोहोर विसर्जन गर्न दिन सहमत भएका हुन् ।

विगतमा सरकारसँग भएका १८ बुँदे सहमति पूरा नभएको भन्दै बञ्चरेडाँडाका स्थानीयले गत बुधबारदेखि बञ्चरेडाँडामा फोहोर विसर्जनमा रोक लगाएका थिए ।

» पृष्ठ २ मा क्रमशः


सहरी विकासमन्त्री कुलमान घिसिङ आइतबार बञ्चरेडाँडास्थित ल्याण्डफिल्ड साइटको अनुगमन गर्दै ।



# मधेसका निजी अस्पतालका स्वास्थ्यकर्मीहरू आन्दोलित

हिमालय टाइम्स
जनकपुरधाम, १६ कात्तिक



मधेस प्रदेशका निजी अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरू श्रमशोषण र दमनको अन्त्यको माग गर्दै सडकमा उत्रिएका छन् । लामो समयदेखि न्यून पारिश्रमिक, असमान व्यवहार र असुरक्षित कार्यपरिस्थितिमा काम गर्न बाध्य भएको भन्दै उनीहरूले आठ बुँदे मागसहित आन्दोलन सुरु गरेका हुन् ।

स्वास्थ्यकर्मीहरूको संयुक्त संघर्ष समितिको नेतृत्वमा शुक्रबारदेखि सुरु गरिएको आन्दोलन कार्यक्रमअन्तर्गत विभिन्न जिल्लाका निजी अस्पतालका स्वास्थ्यकर्मीहरूले शान्तिपूर्ण ऱ्याली र धर्ना दिएका छन् । आन्दोलनरत स्वास्थ्यकर्मी नवेश अधिकारीका अनुसार नेपाल सरकारको ऐनअनुसार तलब स्केल लागू गर्नुपर्ने माग पटक-पटक उठाइए पनि कार्यान्वयन नभएकाले बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको हो ।

'निजी अस्पतालहरू सरकारले तोकेको श्रम कानुन र स्वास्थ्यकर्मी सेवा ऐनको पालना गर्न तयार छैनन्', अधिकारीले भन्नुभयो, 'हामी वर्षौंदेखि न्यून तलब र जोखिमपूर्ण वातावरणमा काम गर्दै छौं, तर सम्बन्धित निकाय मौन छ ।'

आन्दोलनरत स्वास्थ्यकर्मीहरूको मुख्य मागमा सरकारले तोकेको तलब स्केलको अनिवार्य कार्यान्वयन, सरकारी स्वास्थ्य संस्थाका करारकर्मी हटाई लोकसेवा आयोगमार्फत विज्ञापनको व्यवस्था, स्वास्थ्यकर्मीको बीमा र सुरक्षा सुनिश्चितता, तथा हप्तामा अधिकतम ४२ घण्टा मात्र कार्यसमय तोक्ने प्रावधान रहेका छन् ।

स्वास्थ्यकर्मीहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, मुख्यमन्त्री कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई पटक-पटक ध्यानाकर्षण गराए पनि हालसम्म कुनै ठोस पहल नभएको गुनासो गरेका छन् ।

आन्दोलनका क्रममा बिरामी सेवामा असर पर्नसक्ने सम्भावना रहे पनि स्वास्थ्यकर्मीहरूले त्यसका लागि अस्पताल सञ्चालक र सम्बन्धित मन्त्रालय नै जिम्मेवार हुने चेतावनी दिएका छन् ।

स्वास्थ्यकर्मीहरूले वार्ताको ढोका खुला रहेको जनाउँदै सरकार र निजी अस्पताल सञ्चालकले आफ्नो माग सम्बोधन नगरे थप कठोर आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन् ।



## घोडा चढेर यात्रा

मुस्ताङको घरपझोङ-४ जोमसोमबाट आइतबार घोडा चढेर मुक्तिनाथतर्फ जाँदै गरेका पर्यटकहरू । तस्वीर : रासस

## निर्वाचनको माहोल...

« पृष्ठ १ बाट क्रमशः

प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थिति थियो । प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद गर्न र सहकार्य थप सघन बनाउनका लागि बैठक आह्वान गर्नुभएको हो ।

यसअघि शनिबार पनि प्रधानमन्त्री सुशीला कार्कीले कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग छलफल गर्नुभएको थियो । करिब एक घण्टा चलेको बैठकमा आगामी निर्वाचनबारे हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी र आउँदा दिनमा गर्नुपर्ने कामका विषयमा छलफल भएको थियो ।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले चुनावबारे दलहरूको स्पष्ट प्रतिबद्धता आउनुपर्ने बताउनुभएको थियो । महामन्त्रीद्वय थापा र शर्माले नेपाली कांग्रेस निर्वाचनमा जाने विषयमा प्रतिबद्ध रहेको जानकारी गराउनुभएको थियो । प्रधानमन्त्री कार्कीले एमाले नेतालाई पनि छलफलका लागि बोलाएको जानकारी दिनुभएको थियो ।

प्रधानमन्त्री कार्कीले शनिबार बालुवाटारमा सम्पादकहरूसँग अन्तरक्रिया गर्नुभएको थियो । सोही क्रममा तोकिएको मिति २१ फागुनमै निर्वाचन हुनेमा अविश्वास नगर्न उहाँले आग्रह गर्नुभएको थियो । गृहमन्त्री ओमप्रकाश अर्याललगायत मन्त्रीहरूलाई समेत राखेर कार्कीले निर्वाचनमा सुरक्षाको चिन्ता पनि लिनुनपर्ने बताउनुभएको थियो । 'जेन-जी' आन्दोलनका क्रममा लुटिएका हतियार र कारागारबाट भागेका कैदीबन्दी भयरहित निर्वाचनका लागि चुनौती बन्नसक्ने सम्पादकहरूको जिज्ञासामा कार्कीले आधाजति फिर्ता भइसकेको र बाँकी पनि कहाँ छन् भनेर थाहा भइसकेको दाबी गर्नुभएको थियो । त्यसअघि पनि राजनीतिक दल र 'जेन-जी' प्रतिनिधिसँग प्रधानमन्त्रीले छलफल गर्नुभएको थियो ।

अहिले अधिकांश दलले चुनावमा भाग लिने प्रतिबद्धता जनाएका छन् । एमालेले भने सरकारको वैधता र सुरक्षाको विषय उठाउँदै आनाकानी गरेको छ । हालैको 'जेन-जी' आन्दोलनपछिको अवस्था र त्यसले सिर्जना गरेको अस्थिरतालाई दृष्टिगत गर्दै प्रमुख राजनीतिक दलका नेताहरूले लुटिएका सुरक्षा हतियारहरू फिर्ता ल्याउने र जेलबाट भागेका फरार कैदीहरूलाई पक्राउ गरी निर्वाचनको वातावरण तयार पार्न सरकारसँग आवश्यक कदम चाल्न आग्रह गरेका छन् । नेताहरूका अनुसार, लुटिएका सुरक्षाकर्मीका हतियार फिर्ता नगरी र जेलबाट भागेका कैदीबन्दीहरूलाई नियन्त्रणमा नलिएसम्म देशमा भयरहित, निष्पक्ष र शान्तिपूर्ण निर्वाचनको वातावरण बन्न सक्दैन । यसकारण, आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचन सफल बनाउन सरकार, सुरक्षा निकाय, राजनीतिक दल र जनसाधारण सबैको साझा प्रतिबद्धता अपरिहार्य रहेको निष्कर्षमा सबै दलहरू पुगेका छन् । सरकारले घोषित मितिमा प्रतिनिधि सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा सरोकारवाला पक्षहरूसँग चरणबद्ध रूपमा वार्ता एवं छलफल गर्दै आएको छ ।

## सरकारसँग सहकार्य...

« पृष्ठ १ बाट क्रमशः

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भन्नुभयो, 'म एमालेको प्रतिनिधित्व गर्छु । हामी चुनावका विरोधी होइनौँ । तर, चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस् । अबको निकास चुनाव नै हो ।' 'जेन-जी' आन्दोलनका क्रममा क्षति पुगेका संरचना पुनर्निर्माणका लागि संघ सरकारले नै प्याकेज ल्याउनुपर्ने सुझाव पनि मुख्यमन्त्रीहरूले दिएका छन् । यस्तै, उनीहरूले खर्च कटौतीका लागि संघीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको पनि बताएका थिए । संघ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, १० लाख रुपैयाँभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्ने जस्ता मार्गदर्शन मुख्यमन्त्रीहरूको थियो ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारहरू संघीय सरकार मातहतका निकायको रुपमा नहेर्न प्रधानमन्त्री सुशिला कार्कीलाई आग्रह गर्नुभएको छ । प्रधानमन्त्री कार्कीसँग संविधानले नै व्यवस्था गरेको छुट्टै सरकारका भएकाले सोहीअनुसार व्यवहार गर्न मुख्यमन्त्री बानियाँले आग्रह गर्नुभएको हो । भेटवार्तामा मुख्यमन्त्री बानियाँले प्रदेशको संवैधानिक अस्तित्व, सहकार्य र समन्वयको भावनालाई संघीय सरकारले आत्मसात् गर्नुपर्नेमा जोड दिनुभयो । निर्वाचनको तयारीका सिलसिलामा बोलाइएको उक्त छलफलमा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारहरू संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण अंग रहेको बताउनुभयो । उहाँले असोज ५ मा संघीय सरकारले प्रदेश सरकारलाई जानकारी नदिई प्रमुख सचिवलाई सोझै परिपत्र गरेको विषयमा टिप्पणी गर्दै संविधान अनुसार प्रदेश सरकारको अस्तित्वलाई स्वीकार गरेर अघि बढ्न प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो ।

'जेन-जी' आन्दोलनबाट गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको तर प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि भन्ने आशंका पनि उनीहरूले व्यक्त गरेका थिए । मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गर्नुभयो । मुख्यमन्त्रीहरूले डेडिकेटेड फिडरको बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजस्वमा असर गर्नेतर्फ पनि ध्यानाकर्षण गरे । प्रधानमन्त्री कार्कीले पनि राजनीतिक दल नै यस व्यवस्थाका वाहक भएकाले जतिसक्दो छिटो निर्वाचन गरी दलीय सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताउनुभयो ।

## राजदूत फिर्ता...

« पृष्ठ १ बाट क्रमशः

सरकारको उक्त निर्णयको विरुद्धमा अधिवक्ता प्रतिभा उप्रेती र सुनील भट्टराईले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो ।

कामचलाउ सरकारलाई दूरगामी महत्त्वको राष्ट्रिय विषयमा निर्णय गर्ने अधिकार नरहेको रिट निवेदकको दाबी थियो । नयाँ राजनीतिक परिस्थितमा अघिल्लो सरकारले नियुक्त गरेका राजदूतहरू फिर्ता गर्ने प्रचलन यसअघि भए पनि चुनाव गर्नुपर्ने मूल म्याण्डेट पाएको सरकारले राजदूतलाई बोलाउने र नयाँ नियुक्ति गर्ने खेलमा लाग्नु अस्वाभाविक मात्रै नभई संविधान र राजनीतिक म्याण्डेटको समेत बर्खिलाफ भएको रिट निवेदकको जिकिर थियो । राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्कीलाई २१ फागुनमा नयाँ निर्वाचन गर्ने म्याण्डेटसहित २७ भदौमा प्रधानमन्त्री नियुक्त हुनुभएको थियो । प्रधानमन्त्री सुशीला कार्कीले सम्पादकहरूसँगको भेटमा यो सरकार लामो जाँदैन भनेर भनेर ब्रिफिङ गरेकाले राजदूत फिर्ता बोलाइएको बताउनुभएको थियो ।

फिर्ता बोलाइएका राजदूतहरूको पदावधि बाँकी नै रहेको अवस्था देखिन आएको, फिर्ता बोलाउनुपर्ने कारण मन्त्रिपरिषद्को निर्णयमा उल्लेख भएको नदेखिएको, रिक्त हुन आउने राजदूत पदमा नयाँ नियुक्ति सम्बन्धमा कुनै कार्य भए गरेको भन्ने अवस्था पनि नदेखिएको भन्दै अन्तरिम आदेश दिइएको आदेशमा उल्लेख छ । प्रतिनिधिसभा विघटन भएको अवस्थामा रिक्त राजदूत पूर्ति हुन नसक्ने कुरालाई पनि प्रमुख आधार बनाइएको छ । 'नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक व्यवस्थाबमोजिम ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्नेगरी हालको अन्तरिम सरकार गठन भएको भन्ने राष्ट्रपतिको कार्यालयको मिति २०८२ भदौ २७ को विज्ञप्तिमा उल्लेख भएको देखिन आएको र सोही मितिमा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिबाट मिति २०८२ भदौ २७ मा प्रतिनिधिसभा विघटन भएबाट नेपालको संविधानको धारा २९२ समेतलाई दृष्टिगत गर्दा तत्कालै राजदूतको पदपूर्ति हुनसक्ने अवस्था नभई राजदूत पद रिक्त हुनजाने अवस्था देखिन आएको छ', आदेशमा उल्लेख छ ।

## आठ वाम,...

« पृष्ठ १ बाट क्रमशः

माओवादीले पनि शनिबार एकीकृत समाजवादीसहितका कम्युनिष्टहरूसँग एकता गर्ने निर्णय गरेको थियो ।

प्रचण्ड माओवादलाई त्याग्दै मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्त बनाउन तयार हुनुभएको छ । अर्थात् पार्टीको मार्ग निर्देशक सिद्धान्त-मार्क्सवाद-लेनिनवाद हुने सहमति पत्रमा उल्लेख छ । नेपाली क्रान्तिको कार्यक्रम : नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुनेछ । पार्टीको तात्कालिक कार्यनीति-पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रूपान्तरण गर्दै समाजवादको आधार तयार गरिने सहमति पत्रमा उल्लेख छ ।

'आन्दोलनको स्वरूप आन्दोलन मूलतः शान्तिपूर्ण हुने, परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत आवश्यकता अनुसारका सबै मोर्चाहरू आन्दोलनको मोर्चा हुनेछन्', सहमति पत्रमा भनिएको छ ।

एकता प्रक्रियामा रहेका दलका नेताहरूले एकता घोषणा गरी निर्वाचन आयोगमा दल दर्ताको निवेदन दिने तयारी गरेका छन् । आयोगले फागुन २१ गते हुने निर्वाचनका लागि कात्तिक ३० गतेभित्र दल दर्ताको प्रमाणपत्र लिइसक्न भनेको छ । यसअघि २०७४ सालमा नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकता भएर नेकपा बनेको थियो । तर, आन्तरिक मतभेद र सर्वोच्च अदालतको फैसलामार्फत दुई वर्ष नौ महिनापछि अलग अलग भएका थिए ।

माओवादी र एकीकृत समाजवादीबीच एकता हुने सहमति भए पनि दुवै दलमा यसबारे एकमत भने छैन । माओवादी उपमहासचिव जनार्दन शर्माले एकता प्रक्रियामा असन्तुष्टि जनाउनुभएको छ । एकीकृत समाजवादीमा त झन् ठूलै समूह एकता प्रक्रियामा सामेल नहुने भएको छ । नेता झलनाथ खनाल, घनश्याम भुसाल र रामकुमारी झाँक्रीसहितका नेताहरू एकताको विपक्षमा उभिएका मात्रै होइनन्, पार्टी नै फुटाएर अलग भएका छन् । यसैगरी, चिरन पुन नेतृत्वको नेकपा पनि सिंगै आएको भने होइन ।

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाबाट चोइटिएर चिरन समूह एकतामा सामेल भएको हो ।

**आज वि.सं २०८२ कार्तिक १७ गते, सोमबार, ई.स. २०२५ नोबेम्बर ३, तिथि- कार्तिक शुक्लपक्ष त्रयोदशी, उत्तरभाद्रपदा- नक्षत्र, १३:०७ बजेपछि रेवती, हर्षण- योग, कौलव- करण, चन्द्रराशि- मीन, सूर्योदय- ६:१७, सूर्यास्त- १७:१७ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आजको दिन आत्मनिरीक्षण र गम्भीर चिन्तनको लागि उपयुक्त छ। मानसिक शान्ति प्राप्त गर्न ध्यान वा योग अभ्यास गर्नु लाभदायी हुनेछ। गुप्त शत्रुहरू सक्रिय हुन सक्छन्, अतः सतर्क रहनु उचित हुनेछ। यात्रामा अवरोध आउन सक्छ।

वृष : सामाजिक वृत्तमा प्रतिष्ठा बढ्नेछ। साथीभाइ वा समूहसँगको सहकार्यबाट लाभ प्राप्त हुनेछ। प्रगतिशील सोचले नयाँ अवसरहरू ल्याउन सक्छ। परामर्शदाता वा गुरुजनको सल्लाहलाई मूल्य दिनु लाभदायक हुनेछ।

मिथुन : पेसागत क्षेत्र वा सार्वजनिक जीवनमा उन्नति हुने सम्भावना छ। उच्च पदाधिकारी वा वरिष्ठजनको समर्थन पाइनेछ। तपाईंको नेतृत्व क्षमता प्रशंसायोग्य बन्नेछ। मातापिताको स्वास्थ्यमा चिन्ता देखिन सक्छ, त्यसप्रति संवेदनशील रहनुहोला।

कर्कट : धार्मिक यात्रा, दर्शन वा उच्च शिक्षा सम्बन्धी योजना सफल हुने दिन हो। अध्यात्मिक कुरामा झुकाव बढ्नेछ। भाग्यबल प्रबल रहने हुँदा महत्वाकांक्षी योजनाहरू अघि बढाउन सकिन्छ। वैदेशिक क्षेत्रसँग जोडिएका कार्यहरूमा सफलता मिल्ने सम्भावना छ।

सिंह : साझेदारी वा उत्तराधिकार सम्बन्धी कार्यहरूमा स्पष्टता ल्याउनु आवश्यक छ। भावनात्मक रूपमा संवेदनशील समय हुन सक्छ, अतः निर्णय लिनुअघि मनलाई स्थिर राख्नु राम्रो हुनेछ। ऋण, कर वा गुप्त स्रोतहरूबाट लाभ हुनसक्छ।

कन्या : दाम्पत्य जीवन वा साझेदारसँगको सम्बन्धमा सुधार आउनेछ। लामो समयदेखि चलिरहेको मनमुटावको अन्त्य हुनेछ। व्यवसायमा नयाँ सहकार्य आरम्भ गर्न उपयुक्त समय हो। तर, अति भावुक निर्णयले हानी पुऱ्याउन सक्छ।

तुला : दैनिक कार्यहरूमा व्यवस्थित र अनुशासित बन्नुपर्ने समय हो। स्वास्थ्यप्रति ध्यान दिनु आवश्यक छ, विशेष गरी पेट वा स्नायु सम्बन्धी समस्या देखिन सक्छ। काममा आलस्य गरेमा अवसर छुट्न सक्छ।

वृश्चिक : सृजनशीलता, प्रेम र बालबालिकासँग सम्बन्धित कार्यमा प्रगति हुनेछ। अध्ययन वा प्रतियोगितात्मक क्षेत्रका लागि अनुकूल समय हो। प्रेम सम्बन्धमा नयाँ जीवनशैलीको सुरुवात हुनसक्छ।

धनु : गृहजीवनमा आत्मीयता बढ्नेछ। सम्पत्ति वा स्थायी सम्पर्क सम्बन्धी कार्यहरूमा सफलता मिल्ने सम्भावना छ। परिवारमा कुनै शुभ कार्यको चर्चा चल्न सक्छ। आन्तरिक शान्तिको अनुभूति हुनेछ।

मकर : छरछिमेक वा नजिकका आफन्तसँगको सम्बन्धमा सुधार आउनेछ। सञ्चार र विचार अभिव्यक्तिमा प्रभावकारिता रहनेछ। नयाँ योजना वा लेखन कार्यका लागि समय अनुकूल छ।

कुम्भ : आर्थिक दृष्टिले सन्तोषजनक दिन रहनेछ। व्यक्तिगत प्रतिभाबाट आयआर्जन गर्न सकिने सम्भावना छ। नयाँ आयस्रोतको पहिचान हुनेछ। भोजन वा पारिवारिक रमाइलोमा समय बिताउन सकिनेछ।

मीन : भावनात्मक गहिराइ बढ्नेछ। आत्मविश्लेषण र आन्तरिक विकासको समय हो। व्यक्तिगत छवि सुधार गर्ने अवसर प्राप्त हुनेछ। आत्मबल र निर्णय क्षमतामा निखार आउनेछ। महत्त्वपूर्ण कार्यमा सुरुवात गर्नु आज फाइदाजनक हुनेछ।

## सरकार र स्थानीयबीच...

« पृष्ठ १ बाट क्रमशः

फोहोर विसर्जनमा रोक लगाएपछि काठमाडौं महानगरपालिकाले सूचना जारी गरी फोहोर घरबाहिर ननिकाल्न महानगरवासीलाई भनेको थियो । सहरी विकासमन्त्री कुलमान घिसिङले बञ्चरेडाँडा ल्यान्डफिल साइट क्षेत्रका स्थानीयसँग सहमति गरेपछि आइतबार बाटोमा रोकिएका करिब १५० ट्रक बञ्चरेडाँडातर्फ गएका थिए । मन्त्री घिसिङ, सहरी विकास सचिव गोपाल सिग्देल, काठमाडौं, नुवाकोट तथा धादिङका प्रमुख जिल्ला अधिकारी, काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत सहितको टोलीले फोहोर विसर्जन स्थलको स्थलगलत निरीक्षण र साइट पर्ने धादिङको धुनिबेँसी नगरपालिकाका प्रमुख, नुवाकोटका ककनी गाउँपालिका अध्यक्ष, प्रभावित वडाका वडाध्यक्ष र स्थानीय बासिन्दासँग अन्तक्रिया गरेको थियो ।

### दीर्घकालीन योजनासहित अगाडि बढ्नुपर्छ : मन्त्री घिसिङ

अनुगमन र अन्तरक्रियापछि मन्त्री घिसिङले सरोकारवाला पक्षलाई निर्देशन दिँदै भन्नुभयो, 'विगतका सहमति कार्यान्वयन गर्ने, स्थानीय स्तरबाट उठेका माग दमनबाट नभई सौहार्दपूर्ण वातावरणमा सहमतिमा लैजान र फोहोर व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन योजनासहित अगाडि बढ्नुपर्छ । अल्पकालीन रूपमा गर्न सकिने काम तत्काल अगाडि बढाउने, विगतमा भएका सहमति कार्यान्वयनका लागि गर्नुपर्ने नीतिगत निर्णय गर्ने साथै रात्रिकालीन फोहोर व्यवस्थापन गर्न साइटमा आवश्यक बत्तीको व्यवस्था गर्नुपर्छ । सोमबारबाटै बत्ती राख्न सुरु हुन्छ ।'

घिसिङले तत्काल बत्ती राख्ने व्यवस्था गर्न नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक र नुवाकोट वितरण केन्द्रका प्रमुखलाई निर्देशन दिनुभएको छ । स्थानीयलाई फोहोर विसर्जनमा अवरोध नगर्न आग्रह गर्दै घिसिङले भन्नुभयो, 'विगतमा धेरै सहमति भएका रहेछन्, मैले सबैको अध्ययन गरेको छु, अहिले म आवाश्वासन दिन आएको होइन, कार्यान्वयन गर्छु, फोहोर व्यवस्थापनका लागि अवरोध नगरिदिनुहोस्, अवरोध हटाएर एउटा सन्देश दिनुहोस्, बल प्रयोग गरेर नभई प्रभावितसँग वार्ता र संवादमार्फत सौहार्दपूर्ण रूपमा समस्या समाधान गर्छौं ।'

वैज्ञानिक व्यवस्थापनका लागि फोहोर छुट्याउन विभिन्न ठाउँमा पहिचान गरिएका सार्वजनिक जग्गा स्थानीय तहलाई उपलब्ध गराउन मन्त्रिपरिषद्बाट आवश्यक निर्णय लिइने पनि उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । साथै, उहाँले ल्याण्डफिल साइटबाट प्रभावित हुने क्षेत्र यकिन गर्न चार सिजनको तथ्यांक आवश्यक भएकाले पूरक वातावरणीय प्रभाव मूल्यांकन (इआइए) सम्पन्न गर्न केही समय लाग्ने देखिएका कारण परिस्थिति बुझिदिन पनि स्थानीयलाई अनुरोध गर्नुभएको छ । स्थानीयले उठाउँदै आएको लिच्चड व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयको संयोजनमा सबै सरोकारवाला निकाय सम्मिलित समिति बनाइने निर्णय भएको छ । साथै पोखरीमा जम्मा भएको लिच्चड खोलामा जान नदिन रिसाइकल गर्न तत्काल पम्प सञ्चालन गर्ने सरकारले प्रतिबद्धता जनाएको छ । हाल पम्प बिग्रिएको छ । साथै ल्याण्डफिल साइटमा जथाभावी फोहोर फालिएको गुनासो सम्बोधन गर्न सहरी विकास मन्त्रालय, काठमाडौं महानगरपालिका र प्रभावित पालिकाका एक/एक प्रतिनिधि रहनेगरी अनुगमन समिति बनाइने निर्णय गरिएको छ ।

धुनिबेँसी नगरपालिका प्रमुख बालकृष्ण आचार्य, ककनी गाउँपालिका अध्यक्ष सुमन तामाङ, प्रभावित वडाका अध्यक्ष, स्थानीय सरोकारवालाले विगतमा सहमति भए तापनि कार्यान्वयन नहुँदा फोहोर विसर्जनको समस्या बारम्बार आउने गरेको गुनासो गरेका छन् । स्थानीयहरूले बञ्चरेडाँडा वरपर २५ सय मिटरको मध्यवर्ती क्षेत्र तय गर्नुपर्ने, फोहोरको वैज्ञानिक व्यवस्थापन गर्नुपर्नेलगायत माग गर्दै आएका छन् । विगतमा गरिएका समझदारी कुनै पनि पूरा नभएको र फोहोर वर्गीकरण नगरी व्यवस्थापन गरिँदै आएको उनीहरूको गुनासो छ । यसले ल्याण्डफिल साइट भरिने अवस्थामा पुगेको, त्यहाँ रहेका लिच्चड पोखरी भरिएको र कोल्पुखोलामा मिसिएको भन्दै स्थानीयले गत मंगलबारदेखि काठमाडौं उपत्यकासहित करिब २२ स्थानीय तहले फाल्दै आएको फोहोरमा अवरोध गरेका थिए ।

### सधैं बल्झिरहने एउटै समस्या

काठमाडौं महानगर र तत्कालीन ललितपुर उपमहानगरपालिकाको फोहोर व्यवस्थापन गर्नेगरी २०६२ साल जेठ ५ गतेदेखि नुवाकोटको सिसडोल क्षेत्रमा फोहोर लैजान थालिएको हो । करिब दुई लाख ७५ हजार मेट्रिक टन फोहोर व्यवस्थापन गर्ने सहमति त्यतिबेला भएको थियो । सुरुमा सिसडोलको आलेटार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न थालिएको थियो । उक्त स्थानमा अल्पकालीन ल्याण्डफिल साइट (जाइकाको प्राविधिक एवं आर्थिक सहयोगमा) सेमी एरोबिक -ल्याण्डफिल साइट) बनाइएको थियो । फोहोर कुहिएर बग्ने दुर्गन्धित रसायन (लिच्चड) बग्ने छुट्टै पोखरीसमेत बनाइएको थियो । उक्त पोखरीमा जम्मा भएको लिच्चड प्रशोधन गरेर मात्रै कोल्पु खोलामा खसाल्ने प्रबन्ध पनि थियो । तर, फोहोरको परिमाणले पुरिँदै सिसडोलमा झण्डै दुई सय मिटर फोहोरको पहाड बन्यो । त्यहाँ काठमाडौं महानगरसहित काठमाडौं, भक्तपुर, ललितपुर र बनेपासम्मको फोहोर व्यवस्थापन गर्ने गरिएको थियो । नुवाकोटमा मात्रै पर्ने उक्त क्षेत्रमा २०७९ जेठ सम्म फोहोर व्यवस्थापन गरिएको थियो । त्यसपछि झण्डै दुई अर्बको लागतमा संघीय सरकारले बञ्चरेडाँडा क्षेत्रमा बनाएको दीर्घकालीन ल्याण्डफिल साइटमा फोहोर व्यवस्थापन हुँदै आएकामा त्यहाँ पनि सिसडोलकै तौरतरिका दोहोऱ्याइएको स्थानीयको टिप्पणी छ । बञ्चरेडाँडा ल्याण्डफिल साइट चाहिँ नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनीबेँसी नगरपालिकाको सिमानामा पर्छ । बञ्चरेडाँडा क्षेत्रमा दीर्घकालीन ल्याण्डफिल साइट बनाइए पनि त्यहाँ वर्गीकरण (कुहिने र नकुहिने फोहोर छुट्ट्याउने विधि) नगरी एकै ठाउँमा व्यवस्थापन गरिएको छ । बञ्चरेडाँडा ल्याण्डफिल साइटको दक्षिणतर्फ दुईटा लिच्चड पोखरी बनाइएको छ । अहिले त्यो भरिभराउ छ ।

## महाधिवेशनको मितिले...

« पृष्ठ १ बाट क्रमशः

जानकारहरूको विश्लेषण छ । सभापति देउवाले सक्रिय राजनीतिबाट अलग हुने संकेत दिँदै असोज २८ गतेको केन्द्रीय कार्यसमितिको बैठकबाट उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति सुम्पिनुभएको थियो । देउवाबाट दलको कमाण्ड दोस्रो पुस्तामा सरे पनि आन्तरिक विवाद सम्हाल्नै नसक्ने गरी गहिरिँदै गएको छ ।

मुख्य विवाद निर्वाचनअघि पार्टीको १५औं महाधिवेशन गर्ने कि नगर्ने, नगरेमा विशेष महाधिवेशन बोलाउने कि नबोलाउने ? भन्ने विषयमा केन्द्रित छ । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको पछिल्लो अडानअनुसार मंसिर मसान्तको साटो पुस १६ मा महाधिवेशन उद्घाटन गर्नुपर्ने माग गरिएको छ । इतर समूहका नेता डा.शेखर कोइराला विशेष महाधिवेशनका पक्षमा नभए पनि नियमित महाधिवेशनका लागि महामन्त्रीहरूले अघि सारेको प्रस्तावित कार्यतालिकाको समर्थनमा रहनुभएको छ । तर, संस्थापन पक्ष आगामी वैशाखअघि महाधिवेशन नगर्ने अडानमा छ । संस्थापन पक्षका नेताहरू निर्वाचन र महाधिवेशन एकैचोटि गर्दा प्रतिकूल हुने भएकाले वैशाखमा गर्ने कार्यतालिका ल्याउन खोजिएको दाबी गर्दै आएका छन् । तर, इतरपक्षका नेताहरू मंसिर-पुसमा महाधिवेशन हुनैपर्ने अडानबाट पछि हटेका छैनन् ।

नियमित महाधिवेशनमा संस्थापन पक्षको अवरोध भएमा विशेष महाधिवेशन बोलाउन महामन्त्रीद्वय थापा र शर्माको समर्थनमा केन्द्रीय कार्यसमिति बाहिरका नेताहरूले ५४ प्रतिशत प्रतिनिधिहरूको हस्ताक्षरसहित सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरिसकेका छन् । पार्टीको विधानले ४० प्रतिशत प्रतिनिधिहरूको हस्ताक्षर भएमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था गरेको छ । असोज २९ गते विशेष महाधिवेशनको निवेदन दर्ता भइसकेकाले पुस २८ भित्र महाधिवेशन बोलाउनुपर्ने वैधानिक बाध्यता छ । तर, संस्थापन पक्षका नेताहरू महामन्त्रीहरूलाई नेतृत्व लिन हतारो भयो भन्दैमा निर्वाचनअघि महाधिवेशन गर्न नसकिने तर्क गरिरहेका छन् । पार्टीभित्रको विवाद लम्बिँदै जाँदा विभाजनसम्म पुग्ने जोखिम बढेको छ । कार्यतालिका प्रस्तुत गर्ने विषयमा महामन्त्री गगन थापा र कार्यवाहक सभापति खड्काबीच मतभेद भएपछि बिहीबारको केन्द्रीय कार्यसमिति बैठक नै बहिष्कार गर्ने स्थिति आएको थियो ।

सहमति नभएपछि शुक्रबार बस्दै नबसी केन्द्रीय समिति स्थगित गरेर आइतबार बोलाइएको थियो । यसबीचमा भएका कैयौँ छलफल पनि सहमतिमा पुग्न नसकेपछि आइतबार बोलाइएको बैठक पनि अन्तिम समयमा आएर असोज १८ गते मंगलबार बस्नेगरी स्थगित गरिएको छ । पार्टी विभाजनतर्फ उन्मुख हुनसक्ने भएकाले सहमतिबाटै कार्यतालिका ल्याउने उद्देश्यले शुक्रबार र आइतबारका बैठकहरू स्थगित गरिएको नेताहरूले बताएका छन् । अर्कोतर्फ, विशेष महाधिवेशनको माग गर्दै अगुवा नेताहरूले मंगलबार काठमाडौंमा उपलब्ध महाधिवेशन प्रतिनिधिहरूको भेला बोलाएका छन् ।

## निर्वाचनमा जाने...

« पृष्ठ १ बाट क्रमशः

आइतबार बिहान ललितपुरको धोविघाटस्थित सिद्धार्थ कटेजमा बसेको कार्यसम्पादन समिति बैठकमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले 'पहिला निर्वाचनमा जाने विषयमा सबैको सहमति भएकाले केन्द्रीय समितिबाट निर्णय गरौं' भन्ने प्रस्ताव राख्नुभएको थियो । खड्काको प्रस्तावमा संस्थापन पक्षका नेताहरूले समर्थन जनाए पनि महामन्त्रीद्वय थापा र शर्माले स्वीकार नगरेको बैठकमा सहभागी एक पदाधिकारीले जानकारी दिएका छन् ।

थापा र शर्माले महाधिवेशनको कार्यतालिका र निर्वाचनबारे एकैपटक निर्णय गर्नुपर्ने भन्दै एउटा मात्रै निर्णय गर्ने प्रस्ताव स्वीकार गर्न नसकिने स्पष्ट पारेका थिए । त्यसपछि कार्यवाहक सभापति खड्काले केन्द्रीय कार्यसमितिको आइतबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक मंगलबार दिउँसो १ बजेसम्मका लागि स्थगित गर्नुभएको थियो । सहमहामन्त्री महेन्द्र यादवले सबैको सहमति रहेको निर्वाचनमा जाने संस्थागत निर्णय केन्द्रीय कार्यसमितिबाट गरौं भन्ने प्रस्ताव केही पदाधिकारीले नमानेकाले केन्द्रीय कार्यसमिति बैठक स्थगित भएको जानकारी दिँदै भन्नुभयो, 'हामीले त सबैको सहमति रहेको निर्वाचनमा जाने निर्णय केन्द्रीय समितिबाट गरेर अगाडि बढौं भनेका थियौं । त्यसलाई केही पदाधिकारीले मान्नुभएन । त्यसपछि बैठक स्थगित भयो ।' निर्वाचनमा जाने निर्णय गर्न र महाधिवेशनको कार्यतालिकाबारे सहमति खोज्न इतर समूहका नेता डा. शेखर कोइराला र महामन्त्री थापा लचक भए पनि महामन्त्री शर्माले भने सबै विषयमा एकैपटक निर्णय गर्ने अडान राख्नुभएको थियो ।

## सरकारी कर्मचारीलाई...

« पृष्ठ १ बाट क्रमशः

सम्भव भएसम्म मल्टिफ्याक्टर अथिन्टिकेसन प्रयोग गर्न, प्रयोग गरिएका अकाउण्टमा स्क्रिन लक, पासवर्ड तथा प्याट्रन अनिवार्य राख्न भनिएको छ ।

केन्द्रले सफ्टवेयरहरू आधिकारिक वेवसाइटबाट मात्र डाउनलोड गर्न, भाइरस स्क्यान गरेर मात्र पेनड्राइभहरू प्रयोग गर्न भनेको छ । साथै उपकरण वा प्रणालीमा असामान्य गतिविधि देखिए तुरुन्तै सूचना प्रविधि महाशाखा/शाखा वा इकाइमा जानकारी गराउन भनेको छ । त्यस्तै, डेटाबेस र सिस्टम सञ्चालकहरूलाई एसएट्टएच पब्लिक किइ अथेन्टिकेसन प्रयोग गर्न, पासवर्ड साधारण फाइल र नोटप्याडमा नराखी सुरक्षित भल्टमा राख्न भनेको छ । साथै आन्तरिक सरकारी सञ्चार र सेवाहरूको लागि प्रयोग हुने इन्ट्रानेलाई सार्वजनिक र खेला इन्टरनेटबाट अलग गर्न भनिएको छ । त्यस्तै, सूचना प्रविधि प्रणाली र उपकरणमा देखिएका असामान्य ती विधिका लागि सेन्ट्रलाइज्ड लग मेनेजमेन्ट सिस्टममा आबद्ध गराई स्वचालित अलर्ट र मोनिटरिङ सेटअप गर्न पनि निर्देश गरिएको छ ।

त्यस्तै, डेटा सेन्टर र सर्भर कोठामा सिसीटिभी अनुगमनको व्यवस्था गर्न र अधिकृत व्यक्तिलाई मात्र पहुँचको अनुमति दिन भनेको छ । केन्द्रले वार्षिक रूपमा कुनै कोड परिवर्तन भए सुरक्षा जोखिमसम्बन्धी अध्ययन गराउन पनि भनेको छ ।

## सम्पादकीय

# सम्झौता कार्यान्वयन होस्

काठमाडौं महानगरपालिकाले विगत पाँच दिनदेखि बञ्चरेडाँडामा फोहोर फाल्न नसक्दा राजधानीका गल्ली–नालाहरूमा फोहोरको पहाड बढ्दै गइरहेको थियो। स्थानीय बासिन्दाले विभिन्न माग राख्दै अवरोध गर्दा समस्या जटिल बन्दै गएको थियो। तर, शहरी विकास मन्त्री कुलमान घिसिङले व्यक्तिगत पहल गर्दै बञ्चरेडाँडास्थित ल्याण्डफिल्ड साइट पुग्नुले परिस्थिति समाधानतर्फ मोडिएको देखिन्छ।

मन्त्री घिसिङले स्थानीय बासिन्दासँगको छलफलमा १५ दिनभित्र सबै माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि स्थानीयले फोहोर फाल्न सहमति जनाएका छन्। यो सहमति स्थानीय र महानगरपालिकाबीचको संवादको महत्त्व र प्रभावकारितालाई देखाउने उदाहरूण हो। राजधानीमा फोहोर व्यवस्थापन जटिल छ र यसको समाधान केवल प्रशासनिक दबाबले मात्र सम्भव छैन। स्थानीय बासिन्दा, जनप्रतिनिधि र सरोकारवालाबीचको सहकार्य अत्यावश्यक छ।

फोहोर व्यवस्थापन केवल सफाइको विषय नभई सार्वजनिक स्वास्थ्य, वातावरणीय सुरक्षा र नागरिक जीवनको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित छ। यही कारणले समस्या उत्पन्न भएको क्षेत्रमा तत्काल संवाद र सहमति कायम गर्नु जरुरी हुन्छ। मन्त्री घिसिङको पहलले देखाएको छ कि सहमतिमा आधारित समाधान असम्भव छैन। तर, अस्थायी सहमतिमात्र पर्याप्त छैन। स्थानीय माग पूरा गर्ने काम तत्काल प्रभावकारी ढंगले अघि बढाउनुपर्ने जिम्मेवारी सरकार र सम्बन्धित निकायमाथि छ। १५ दिनभित्र वाचा पूरा भएमा यो अनुभव भविष्यमा अन्य फोहोर व्यवस्थापन समस्या समाधानमा मार्गदर्शनको रूपमा प्रयोग गर्न सकिन्छ।

काठमाडौंको फोहोर संकटले बारम्बार देखाएको छ–स्थायी समाधान खोज्न सक्नुपर्छ। केवल अवरोध र विवादको सामना गर्दै समय गुमाउने होइन, सबै सरोकारवालाबीच संवाद र साझा जिम्मेवारीमार्फत समस्या समाधान गर्नुपर्ने समय आइसकेको छ। बञ्चरेडाँडामा अहिले देखिएको सहमतिलाई आगामी दिनमा कार्यान्वयनमा परिणत गर्नु नै वास्तविक सफलता हुनेछ। काठमाडौं उपत्यकामा फोहोर विस्थापनको समस्या बेलाबेलामा उठ्ने गरेको छ। उपत्यकामा घना बस्ती भएका कारण दैनिक रूपमा सयौं टन फोहोर उत्पन्न हुन्छ। सरकारले यसलाई व्यवस्थापन गर्न 'ल्यान्डफिल साइट'मा विस्थापनको व्यवस्था गरेको भए पनि उपत्यकाको वरिपरि उपयुक्त स्थल नपाउँदा यो समस्या निरन्तर देखा पर्दै आएको छ।

जब बस्ती छेउछाउ फोहोर फालिन्छ, त्यहाँका बासिन्दा दुर्गन्ध र रोगको जोखिममा पर्दछन्। फोहोरको उचित व्यवस्थापनका लागि बस्ती नभएको निर्जन क्षेत्र चाहिन्छ। तर, त्यहाँ विस्थापन गरिए पनि यसको प्रभाव टाढासम्म फैलिन्छ। केवल दुर्गन्धमात्र होइन, फोहोरमा मिसिएका मांसजन्य पदार्थ र अन्य कचरा कुकुर, स्याल, गिद्ध, चिल, कागजस्ता जनावरहरूले टाढासम्म पुर्‍याउँछन्। त्यसैले उपत्यकाबाट केही दूरीमा फोहोर विसर्जन गर्दा पनि प्रत्यक्ष र अप्रत्यक्ष दुबै असर टाढासम्म पुग्ने गर्छ।

यस समस्या समाधानका लागि सरकार र स्थानीय बासिन्दाबीच बेलाबेला सम्झौता हुने गरेको छ। केही वर्षदेखि नुवाकोटको ककनी, ओखरपौवा, बञ्चरे डाँडामा उपत्यकाको फोहोर विसर्जन गर्ने प्रचलन छ। गन्ध नआउने औषधि र पाउडर प्रयोग गरी स्थानीयलाई क्षतिपूर्ति दिनेतर्फ पनि ध्यान दिइन्छ। २०७९ सालको स्थानीय निर्वाचनपछि काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन साह निर्वाचित हुनुभयो। उहाँ र उपप्रमुख सुनिता डंगोलले बञ्चरे डाँडाका स्थानीय बासिन्दासँग सम्झौता गरी फोहोर विसर्जनको अनुमति पाउनुभएको थियो। तर, साढे तीन वर्षपछि पनि सम्झौताको कार्यान्वयन हुन नसकेकाले स्थानीयहरूले विरोध सुरु गरेका थिए। जसले दिनहुँ करोडौं रुपैयाँ नोक्सान भइरहेको थियो।

स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित बालेन साहले आफ्नो कार्यकालमा उपत्यका सुन्दर र हरूाभरा बनाउन, सडक र सार्वजनिक स्थानलाई व्यवस्थित गर्न, सुकुम्बासी बसोवास हटाउन, सार्वजनिक जग्गा फिर्ता ल्याउन, र कबाडी संकलन केन□लाई व्यवस्थित गर्न उल्लेखनीय प्रयास गर्नु भएको थियो। यसैले उहाँलाई विवादमुक्त र जनप्रिय नेता मानिएको थियो। तर, बञ्चरे डाँडामा फोहोर विस्थापन विवादमा उहाँको भूमिका अहिले आलोचनाको केन□ बन्न पुग्यो।

केही विज्ञहरूले उहाँलाई 'लुसिफर' भनेर वर्णन गर्न थालेका छन्। 'जेन–जी' आन्दोलनपछि लामो समय सार्वजनिक उपस्थित नभएको, मारिएकाहरूप्रति श्रद्धासुमन अर्पण नगरेको, प्रधानमन्त्री बन्ने प्रस्ताव अस्वीकार गरेको र आफ्नो सिफारिशमा प्रधानमन्त्री तथा मन्त्री बनाएको घटनाले पनि उहाँको छवि विवादास्पद बनाएको छ। यस समस्यामा उहाँले सक्रिय भूमिका नलिँदा स्थानीयहरूले विरोध देखाएका हुन्। फोहोर विस्थापनले स्वास्थ्य जोखिम र दुर्गन्धको साथै रोगका कारण मानिसलाई रोगी बनाउने र रोग फैलाउने सम्भावना बढाउँछ।

फोहोर व्यवस्थापनले केवल बासिन्दाको जीवन स्तर सुधार्ने मात्र होइन, उपत्यकाको स्वास्थ्य, सौन्दर्य र वातावरणीय स्थितिमा प्रत्यक्ष प्रभाव पार्छ। त्यसैले स्थानीय सरकार र सरकारका सम्बन्धित निकायले सधैंका लागि उचित कदम चाल्नुपर्ने अवस्था आएको छ। समस्याको जटिलता स्रोतमा फोहोर छुट्याउने प्रणाली कमजोर हुनु, पुनःचक्रणको अवस्था न्यून हुनु, स्थानीय बासिन्दासँग पर्याप्त संवाद नहुनु र विस्थापन स्थल चयन तथा सम्झौताको कार्यान्वयनमा ढिलाइ हुनुमा छ। यसले गर्दा बञ्चरे डाँडा जस्ता स्थलमा फोहोर विस्थापनमा स्थानीय विरोध बढेको छ र प्रशासनिक चुनौती अझ जटिल भएको छ।

अन्ततः, काठमाडौं उपत्यकामा फोहोर विस्थापनको समस्या अब आश्वासनको भरमा समाधान हुने देखिँदैन। यसको स्थायी समाधानका लागि स्थानीय सरकार, महानगरपालिका र सम्बन्धित निकायले तत्काल, समन्वयात्मक र दीर्घकालीन रणनीति अपनाउनु अपरिहार्य छ। यसले मात्र उपत्यका स्वच्छ, स्वस्थ र वातावरणीय दृष्टिले स्थायी रूपमा सुरक्षित रहन सक्छ।

# जेन–जीहरूको बलिदानको कदर गरौं

**हाल एउटा समूहले कुन कानुनमा टेकेर र कुन विधि-प्रक्रियामा बसेर भ्रष्टाचारसम्बन्धी मुद्दा उठाउने कुरा गरिरहेको छ। यसको एउटै सोझो उत्तर हो, कुनै कानुनको आडमा नभएर आवश्यकताको कानुनी आधारमा सम्माननीय सुशीला कार्कीको क्याबिनेट बन्यो, सोही तरिकाले जेन-जी आन्दोलनमा उठाइएका सम्भव हुने र समाजको हितमा रहने काम गर्न सकिन्छ।**



● मेघनाथ दाहाल

जेन-जीहरूले सुरु गरेको भदौ २३ र २४ गतेको आन्दोलनको मुख्य मागमा समयसापेक्ष राजनीतिक पुस्तान्तरण र विधिको शासन जसमा सार्वजनिक सेवामा चुस्तता र भ्रष्टाचारको कत्ति पनि गन्ध नआओस् हो। यद्यपि आन्दोलन अलि पृथक रंग र स्वरूपमा अघि बढ्न जाँदा अकल्पनीय मानवीय एवं भौतिक सम्पत्तिको विनाश हुन पुग्यो। यस क्रममा वीरगति प्राप्त गरेका शहीदमा अधिकांश जेनजीकै संख्या छन्। उमेर समूह जुनसुकै भए तापनि उनीहरूको मुख्य ध्येय मुलुकमा अर्को पुस्ताले अनियमितता र सुशासनको अभावमा दुःख पाउनु नपरोस्, हातमुख जोड्नकै लागि अरूको मुलुकमा जानु नपरोस्, कम्तीमा पसिना बगाएर भए पनि आफ्नै मुलुकमा काम गरी खान पाउने वातावरण बन्न सकोस् भन्ने हो।

न्यूनतम सुविधा तथा रोजगारीको साथमा सुशासन कायम गर्नु सरकारको प्रमुख कर्तव्य हो। आन्तरिक तथा बाह्य रूपमा मुलुकले भोगिरहेका विविध अप्ठ्यारा माझ सरकारले एकाएक सामाजिक सञ्जालमा लगाएको बन्देज नै आन्दोलनको हुरीमा आगो सल्काउन काफी हुन पुग्यो। सरकार भने २३ गतेको विभत्स क्रियाकलापबाट नचेतेर अटेर गरी बसिरहेको थियो। २४ गते भड्किएको आन्दोलन सुकेको जंगलमा डडेलो सल्किएको जस्तो हुन गयो।

जेन-जीहरूको आन्दोलनको मुख्य दुईवटा विषयमा देशमा व्याप्त भ्रष्टाचारको अन्त्य र सुशासनको प्रत्याभूतिसहित लगानीको माध्यमले देशभित्रै रोजगार तथा आयआर्जनको वातावरण तयार गर्नु थियो। शालीन, भद्र मागका बीचमा कुन कारणले कुन तत्वको उक्साहटमा ठूलो स्तरमा मानवीय तथा भौतिक क्षति मुलुकले बेहोर्न बाध्य भयो। यसको लेखाजोखा हाल बनेको सरकारका लागि पहिलो दायित्वको विषय हो।

आन्दोलनको भरमा स्थापित सरकारले के कति काम गर्नसक्ने वा नसक्ने किसिमका हुने गर्दछन्। सबैको चासो र महत्त्वको विषय भनेको विगत लामो समयदेखि सार्वजनिक पदमा आसीन व्यक्ति तथा राजनीतिक कार्यकर्ताको अकूत सम्पत्ति विवरण सरकारले बाहिरू ल्याउनुपर्ने माग छ। मुलुकमा निर्वाचित एकाइहरू नभएको अवस्थामा मुलुकलाई बढी विवेकशील ढंगले अघि बढाउने भन्ने नै विषय हो। यो सरकारले मुख्य अघि बढाउनुपर्ने काम भ्रष्टाचारसम्बन्धी ठूला भनिएका फाइलहरू जनतामाझ ल्याइनुपर्ने हुन्छ।

हाल एउटा समूहले कुन कानुनमा टेकेर र कुन विधि-प्रक्रियामा बसेर भ्रष्टाचारसम्बन्धी मुद्दा उठाउने कुरा गरिरहेको छ। यसको एउटै सोझो उत्तर हो, कुनै कानुनको आडमा नभएर आवश्यकताको कानुनी आधारमा सम्माननीय सुशीला कार्कीको क्याबिनेट बन्यो, सोही तरिकाले जेन-जी आन्दोलनमा उठाइएका सम्भव हुने र समाजको हितमा रहने काम गर्न सकिन्छ। राज्यको स्रोतसाधनको अति दोहनको कार्यलाई रोक्नुपर्ने तत्कालीन अवस्थामा संसद्भित्र कतिपय सांसदले नउठाएका होइनन् तर ती सबै पक्षमाथि राजनीतिक अंकगणितको आधारमा नजरअन्दाज गरियो। सत्ताको नजिक भएका र संस्थापनको धेरथोर फाइदा उठाउनेहरूले अंकगणितको बलको भरमा कुनै पनि शक्तिले चलाउन नसक्ने हुंकार गरिरहेको समयमा एकाएक सल्किएको आगोले सरकारलाई गलहत्याएको जगजाहेर छ।

तर, यतिका दिन बितिसक्दा पनि न्यूनतम काममा सरकारका कामकारबाही सही बाटोमा जान नसकेका हुन् कि भन्ने आभाश हुन थालेको छ। विभिन्न बाहनाबाजीका नाममा भ्रष्टाचारसम्बन्धी कसुरहरूको कानुनसम्मत कारबाही हुनसकेन भने, हिजो सार्वजनिक पदहरूमा बसेकाहरूले कमाएको स्रोत खुल्न नसकेको अकूत सम्पत्ति कानुनी हिसाबमा जफत वा राज्यले फिर्ता ल्याउन नसकेकाखण्डमा पुनः ढिलोचाँडो अर्को आन्दोलनको सामाना गर्नुपर्ने हुनसक्छ।

> नेपाली कांग्रेसले नेतृत्व पुस्तान्तरणको लागि प्रयास थालिसकेको छ तर एमालेमा केपी ओली आजका दिनसम्म टसमस नभई बस्नुभएको छ। परिवर्तित राजनीतिक घटनाक्रमका बारेमा अन्टसन्ट बोल्न कम गर्नुभएको छैन। जेन-जीहरूको आन्दोलनबाट बालकोट हुँदै थोरै पर बसाइँ सरेर गुण्डु पुग्नुभएको छ तर राजनीतिक गतिविधि एवं तौरतरिकामा कत्ति फेरबदल हुनसकेको छैन।

यस्तै अवस्था कायम रहिरूहने हो भने भोलिका दिनमा राज्यसंयन्त्रका न्यूनतम सेवासुविधा प्रदायक निकायमा समेत युवाहरूको अभाव नहोला भन्न सकिँदैन। यसको सुरुवात कतिपय क्षेत्रमा देखिन थालेको छ। धान रोप्ने र भित्र्याउने समयमा तराईमा अधिकांश कामदार भारतीय भूमिबाट आउन थालेका छन्। नेपाली समाजमा विद्यमान बहुलतामा आधारित विविधताको संरक्षण गर्दै धर्म, संस्कृति, भेषभूषा, कला, साहित्य, अनुसन्धानलगायत समाजको मार्गनिर्देश गर्ने राजनीति, अर्थनीति, विदेश नीतिलगायत पक्षमा समयानुकूल सुधारको पक्षमा जेन-जी देखिएका छन्।

सार्वजनिक प्रशासनदेखि प्रहरूी, सेना, कूटनीति, छिमेकीसँगको सम्बन्धलगायत विश्वमा भएको शक्ति सन्तुलनसँग कसरी नयाँ किसिमले जाने भन्नेमा नयाँ सरकारले आफूलाई तयारीमा राख्नुपर्ने हुन्छ। शिक्षा, स्वास्थ्य र लगानीको माध्यमले सिर्जना हुने रोजगारीको अवस्थाबारे सचेत थिए। अनुसन्धानात्मक काममा प्रविधिको साथमा नयाँ विषयमा प्राप्त ज्ञान र सीपको अन्तर्राष्ट्रिय बजारमा बजारीकरण आवश्यकताभित्रको पक्ष हो।

विगत तीस वर्षदेखि नेपाली युवाहरूले विदेशमा कमाएको सीप र ज्ञानलाई नेपाली भूमिमा लगानीको माध्यमले उत्पादन र रोजगारीको साथमा आयआर्जन तथा समाजको उन्नतिको हकमा प्रयोग गर्न सकेमात्र धेरै काम हुने थिए। आवधिक निर्वाचनको माध्यमले स्थापित लोकतान्त्रिक मूर्तअमूर्त पक्षको संस्थागत विकास गर्दै नेपाली समाजको अग्रगमनको विकासका लागि सरकार तयार हुनुपर्दछ। साथै नेपालीहरू सम्माननीय सुशीला कार्कीप्रति विश्वस्त रहेका छन् तर पनि निर्वाचन धेरै सजिलो पक्ष होइन। मुलुकभित्रका साझेदारहरूको समझदारीले मात्र नभएर छिमेकी एवं नेपाललाई माया गर्ने तथा शुभेक्छुकहरूको सद्भाव जस्ता पक्षले निर्वाचनमा ठूलो भूमिका राख्दछ। यदि समयमा निर्वाचन हुनसकेन भने मुलुकले राजनीतिक मात्र नभएर आर्थिक, सामाजिक एवं कूटनीतिक तहमा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ।

नेपाली कांग्रेसले नेतृत्व पुस्तान्तरणका लागि प्रयास थालिसकेको छ तर एमालेमा केपी ओली आजका दिनसम्म टसमस नभई बस्नुभएको छ। परिवर्तित राजनीतिक घटनाक्रमका बारेमा अन्टसन्ट बोल्न कम गर्नुभएको छैन। जेन-जीहरूको आन्दोलनबाट बालकोट हुँदै थोरै पर बसाइँ सरेर गुण्डु पुग्नुभएको छ तर राजनीतिक गतिविधि एवं तौरतरिकामा कत्ति पनि फेरबदल हुनसकेको छैन। केही सीमित कार्यकर्ता र सुरक्षा कवचको घेरामा बसेर ठूलाठूला कुरा गरिरहनुभएको छ। त्यस्ता कुराले कहिले सार्थकता पाउने हुन्। समयले नै बताउला। एमालेमा पुस्तान्तरणको बहस नभएको होइन तर सार्थकता पाउने सम्भावना देखिएको छैन। राजनीतिक गतिरोधको अन्त्य एवं आगामी दिन सहजताका लागि निर्वाचनको साथमा सार्वजनिक सेवा, सुरक्षा निकाय, कूटनीति छिमेकीसँगको सम्बन्ध, आर्थिक गतिविधि सुचारु गर्नेजस्ता पक्षले अहम् भूमिका खेलेको पाइन्छ। बैंकहरूले ब्याजदर निकै तल बनाएको समयमा समेत यथोचित लगानी हुनसकिरहेको छैन। केन्द्रीय बैंकले हप्तादिन वा पन्ध्र दिनको अन्तरालमा ठूलो रकममा बजारबाट पैसा खिचिरहेको छ।व्यवसायीहरू निकै निरासाजनक अवस्थामा रहेका छन्। दलविहीन राजनीतिक गतिविधि जेन-जीहरूको परिकल्पना कदापि होइन। राजनीतिक नेतृत्वमा समयसापेक्ष पुस्तान्तरण पहिलो शर्त र दोस्रोमा भुँईमान्छेले समेत महसुस गर्ने सरकारको उपस्थितिका लागि सुशासनको साथमा भ्रष्टाचारको अन्त्य एवं आर्थिक तथा सामाजिक क्षेत्रमा बहुआयामिक प्रगतिका लागि आवाज उठाएका हुन्। मुलुकको अग्रगामी राजनीतिक निकासका लागि ठूलो त्याग एवं बलिदानी दिएका कारण अन्तरिम सरकार सचेतताका साथ यी मुद्दाहरूको सुनुवाइका लागि तयार हुनुपर्नेछ।

# त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन

**कीर्तिपुर परिसरकै कतिवटा संस्थालाई दिएको जमिनबारे जानीजानी प्रतिवेदनले रहस्यमय मौनता साँधेको छ। प्रतिवेदन जस्तो लेखन कार्य थालनी गर्दा पवित्र उद्देश्यले आग्रह पूर्वाग्रहबाट माथि उठेर तटस्थ भई जे छ, त्यो सत्यतथ्य बोलेमा त्रिवि र देशको कल्याणमा हुन्छ।**



● मनोजकुमार कर्ण

२०८१ साल जेठ १७ गतेदेखि क्रियाशील बहुचर्चित 'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति, २०८१' शिक्षामन्त्री रास्वपाकी सुमना श्रेष्ठ रहेकी माओवादीको प्रचण्ड सरकारले गठन गरेको थियो। सोही जेठपछि कांग्रेस र एमालेको केपी ओली नेतृत्वको संयुक्त सरकार बन्यो। सरकारमा सहभागी अन्य पार्टनर दल जुन रहे पनि यी वामपन्थी प्रधानमन्त्रीद्वय प्रचण्ड र ओलीले मिडियामा जे बोले पनि वास्तविक उद्देश्य त्रिविको देशैभरको जग्गा यकिन गरेर जायजभन्दा बढी नाजायज प्रयोजनमा प्रयोग गर्नु थियो।

जहाँ प्रचण्ड र सुमना श्रेष्ठले सरकारमा रहँदा आफ्ना मान्छे त्रिविमा पदाधिकारीदेखि कर्मचारीसम्म छिराएर अघोषित कब्जा गर्न नसकेर रिस स्वरूप विगतदेखि वर्तमान कुलपति, सहकुलपति, त्रिवि पदाधिकारीलाई जग्गा हड्प्न दिएको, हिनामिना गरे/गराएको भनेर साँच्चिकै जग्गा खोज्नु र सुरक्षित गर्नुभन्दा पनि विवादमा पार्ने उद्देश्य राखेको थियो, त्यहाँलगत्तै बनेको ओली सरकारको उद्देश्य त्रिविको जग्गा पत्ता लाएर तहसनहस पारेको र आज त्रिवि परिसरमै सबैको विरोधको बाबजुद क्रिकेट मैदान बनाएर युनिभर्सिटीको स्वायत्तता र प्राज्ञिक स्वतन्त्रतामाथि आक्रमण गरेर समाप्त पार्नु थियो।

कीर्तिपुर परिसरकै कतिवटा संस्थालाई दिएको जमिनबारे जानीजानी यस प्रतिवेदनले रहस्यमय मौनता साँधेको छ। प्रतिवेदन जस्तो लेखन कार्य थालनी गर्दा पवित्र उद्देश्यले आग्रह पूर्वाग्रहबाट माथि उठेर तटस्थ भई जे छ, त्यो सत्य र तथ्य बोलेमा पो त्रिवि र देशको कल्याणमा हुन्छ। कोही भिसी वा पदाधिकारीको चारवर्षे कार्यकालमा उपत्यका बाहिरू र भित्र देशैभर कार्य गर्नुपर्ने हुन्छ तर यस प्रतिवेदनले केवल काठमाडौं उपत्यकाभित्र सिमित छानबिन गरी समग्रमा अन्तिम निष्कर्ष कसैबारे राम्रो वा नराम्रो भनिदिएको छ।

प्रतिवेदन स्वयंले विधि, ऐनबाट स्वीकारे

त्रिविको जग्गा छानबिन प्रतिवेदन गठन गर्ने, निरन्तरता दिने सरकारी मान्छेले जे-जस्ता निर्देशन समितिका साविक संयोजक शारदाप्रसाद त्रिताल (पछि हटाइएको), सदस्यसचिव सुशीला अधिकारी तथा सदस्यहरू डा.महेन्द्रकुमार थापा, जानकीबल्लभ अधिकारी र प्राडा.प्रेमसागर चापागाईंलाई भित्रभित्रै दिए पनि प्रतिवेदनले भने मौजुदा ऐन, नियम, कानुन र विधिलाई भने नजरअन्दाज गर्न मिल्दैन। प्रतिवेदनका विभिन्न पृष्ठमा त्रिविको प्रकृति, संस्थाको प्रकार, उपकुलपति शब्दको गहिरूो अर्थ आदिबारे उल्लेख गरेको छ।

प्रतिवेदनको पृष्ठ १४२ मा (घ) जग्गाजमिनको उपभोगको ३३ नं.बुँदामा 'त्रिवि एउटा स्वायत्त संस्था भएको' उल्लेख छ। उपकुलपतिलाई किन यस शब्दद्वारा अलंकृत गरिएको भन्ने सन्दर्भमा स्वयं प्रतिवेदनले पृष्ठ १२२ मा त्रिवि स्वयंले नेपाल र त्रिवि प्राध्यापक संघहरू, नुटा र टुटा वा कसैलाई लिजमा वा उपभोग गर्न जग्गा कार्यकारीबाट निर्णय गरेर दिँदा उपकुलपति अर्थात् भिसीको अधिकारबारे त्रिवि ऐन, २०१६ को दफा २१ मा सिन्डिकेटको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (छ), (ज) अनि (झ) अनुसार भिसी कार्यकारी र एकेडेमिक पदाधिकारी एवं सिन्डिकेटको अध्यक्ष भनी परिभाषित गरी अधिकार प्रदान गरेको कुरा उल्लेख गरेको छ।

यो 'स्वायत्त' शब्द उल्लेख गर्दा समितिले त्रिविका पदाधिकारी, कामकारबाहीका दायरा कति व्यापक र सरकारले त्रिविको कामकारबाहीमा हस्तक्षेप गर्न मिल्छ कि मिल्दैन ? स्वायत्तता र उपकुलपतिको विशेष अधिकार परिभाषाका आधारमा त्रिवि पदाधिकारीले असल नियत राखेर काम गर्न मिल्छ कि मिल्दैन, तीबारे जरुर विचार गरेर निष्कर्षमा पुग्नुपर्ने हो तर त्यस्तो देखिँदैन। प्रतिवेदनको अन्त्यमा निष्कर्ष, सुझाव दिने क्रममा यस्ता कुरालाई भने बेवास्ता गर्दै छानबिन सदस्यहरूले नजाने कसको दबाबमा एकतर्फी र अनौठो सुझाव वा सिआईबीद्वारा छानबिन गराउनुपर्ने वा कसैमाथि अमूर्तरूपमा सचेत गराउने आदि उल्लेख गरेको हुँदा सोचनीय पक्ष छ।

प्रतिवेदनमा देखिएका कमजोरी :

ठ्याक्कै पृष्ठगत रूपमा भन्ने हो भने यी ठाउँहरूमा उल्लेख भएको एउटा कुरा तर त्यसनुरूपका कार्य यस प्रतिवेदनमा सबैको हकमा बराबरी नभई निष्कर्ष आफ्नै ढंगले निकालिएको पाइन्छ। मनतव्य सुरुकै भागमा 'पवित्र, उच्च एवं ऐतिहासिक कार्य' उल्लेख, पूर्वमन्त्रीद्वय विद्या भट्टराई र सुमना श्रेष्ठको अस्वाभाविक धेरै गुणगान अनि त्रिविका वर्तमान र पूर्वपदाधिकारीलाई सहयोगका लागि आभारसहित धन्यवाद दिइएको उल्लेख छ। पछि गएर कसरी उनै त्रिविका पदाधिकारीप्रति यो प्रतिवेदनमा पूर्वाग्रहरूहित हुन गयो अनि कडा शब्दावली प्रयोग गरी कसरी उनीहरूलाई दोषी ठहरूाइयो ?

'पृष्ठभूमि' को पृष्ठ तीनमा पत्रपत्रिकामा छापिएको कुरा लिइएको उल्लेख छ। यसमा कान्तिपुर दैनिकमा छापिएको धेरैजसो व्यक्तिलक्षित दूराशयपूर्ण सबै आरोप छापिएका छन् तर यो स्तम्भकार स्वयंले सिंहदरबारमा गई छानबिन समितिमा २०८१ साउन १३ गते दर्ता नं.१६ राखेर सूचना निवेदन वा उजुरी सप्रमाण पाटन संयुक्त क्याम्पस, ललितपुरलगायत त्रिविको सम्पत्तिबारे अन्यत्रको पनि दर्ता गराएकोमा त्यही प्रतिवेदनको पृष्ठ ९७ मा गएर बुँदा नं.९ (अ) उजुरीसम्बन्धी विवरणमा उजुरीका केही भाग उल्लेख छन् तर अन्नपूर्ण पोष्ट दैनिकको मिति २०७६ मंसिर १९ गते प्रकाशित पेश गरिएको समाचार प्रमाण फोटोकपी पेज अनुसार, पाटन क्याम्पस र तस्ननी मंकाखलः बीच प्लट मिलान भएपछि मंकाखलःले क्याम्पसलाई छोड्नुपर्ने जमिन नछोडेकोलाई समस्या नै छैन जस्तो अदालतले फैसला गरेजस्तो सल्टाइदिएको छ! के छानबिन समितिको यति अधिकार थियो लेख्नलाई ?

पृष्ठ १० मा बुँदा नं.२ अनुसार छानबिन समितिले धेरै तालुकदार निकायलाई कागजात उपलब्ध गराउन पत्राचार, सोधखोज आदि गर्दा पनि उपलब्ध नगराएको प्रष्ट उल्लेख छ तर पृष्ठ ९७ मा पाटन क्याम्पसबारे प्रतिवेदनले बोल्दा वा अन्तिम परिच्छेद ६ निष्कर्ष, सुझाव एवं सिफारिश कहीँकतै त्यहाँका एमाले निकट प्रगतिशील प्राध्यापक संगठनबाट नियुक्त क्याम्पसचिफ लक्ष्मणसिंह कुँवरसँग समितिले क्याम्पस र ल्याबिम मालबीचको सम्झौतापत्र माग्दा उनले च्यातियो, हरूाएको भन्दा निजउपर कारबाहीको सिफारिश भएको छैन।

> त्रिविसँग साइनो नै नभएका वा पूरा गैह्रकानुनी ढंगले जमिन लिएका लेबरोटरी स्कुल, राधास्वामी सत्सङ व्यास, खानेपानी आदि हटाउँदा हुन्छ तर त्रिवि पदाधिकारी कसैलाई देशैभरको छानबिन नभई अधूरो प्रतिवेदनको आधारमा दोष देखाउन मिल्दैन, जबकि जग्गा खोस्न लगाउने सरकारका व्यक्तिलाई देखाउन मिल्छ।

पाटन क्याम्पसमा सफाइको हात समितिले लिएको छ भने माथि एमालेकी शिक्षामन्त्री सो बेलाकी विद्या भट्टराईको प्रशंसा छ अनि समितिमा प्रचण्ड सरकारपछि केपी ओलीको सरकार बन्दा निष्पक्ष काम गर्ने ठानिएका संयोजक पूर्वसचिव शारदाप्रसाद त्रिताललाई 'बिरामी'को नाममा हटाएर सदस्य महेन्द्रकुमार थापालाई संयोजक बनाइएको थियो। के यो प्रतिवेदन तटस्थ, सत्यतथ्यमा आधारित छ भन्न सकिन्छ ? 'पृष्ठभूमि' पृष्ठ ४ को बुँदा १.२ मा छानबिन समितिको गठनमा र फेरि परिच्छेद २ को बुँदा २.२ (२), पृष्ठ १५ मा पनि काठमाडौं उपत्यकाभित्रको म्यान्डेडमात्र दिइएको प्रष्ट उल्लेख हुँदा समग्र देशकै त्रिविका निकायहरूको नै त्रिविका पदाधिकारी भई चलाएकालाई सीमित क्षेत्रबाट पर्सेप्सन बनाएर राम्रो वा नराम्रो उल्लेख गरिएको छ, जबकि यस्तो काम समग्रमा हुनुपर्थ्यो।

प्रतिवेदनको पृष्ठ ८ को बुँदा १.७.१४ मा उल्लेखित त्रिविको गुरुयोजना र पृष्ठ १२० को बुँदा नं. ५.२ 'त्रिविको रणनीतिक सोच, २०३०' बनाउने मान्छै नै त्रिविका पूर्वभिसी प्राडा.तीर्थराज खनियाँ हुन् जसको यस्ता कार्यको विभिन्न ठाउँमा सकारात्मक चर्चा त गरेको छ तर खनियाँलाई छानबिन समितिले आदरपूर्वक बोलाउँदा समितिमा उनले दिएका धेरै महत्त्वपूर्ण जानकारी अनुसार र यो स्तम्भकार स्वयंले पनि समितिलाई दिएको सूचना कि पूर्वभिसी खनियाँले त्रिविको चितवन रामपुरको जग्गा तात्कालीन कुलपति केपी ओलीबाट जोगाउन ओलीविरुद्ध अदालतसम्मै पुग्नुभयो। यसलाई कतै चर्चा नगरी एकसाथ सबै वर्तमान र पूर्वत्रिवि पदाधिकारीलाई प्रतिवेदनमा दोषी देखाएर नसिहतको कथित् सुझाव दिइएको छ। यस्तो सामान्यीकरण झन् प्रतिवेदनमा गर्न मिल्छ कसैको, सम्पूर्ण देशभरिको पर्फोर्मेन्स नहेरी केवल उपत्यकाभित्रका सबै पदाधिकारीले सरकारको क्याबिनेट निर्णय अगाडि नतमस्तक भई लिएका बाध्यकारी निर्णयबाट ? यो सोचनीय पक्ष हो।

पृष्ठ १५ को बुँदा नं.२.२.२ (तल)मा नेपाल/त्रिवि प्राध्यापक र कर्मचारी छाता संघहरूले त्रिविसँग सम्झौतामा भवन बनाएको उल्लेख छ। यस्ता संस्थाहरू बारे पुनः पृष्ठ १६ मा पनि बुँदा नं. २.३.१.१ (क) (१) मा नुटा, टुटा र कर्मचारी संघहरूलाई ग्लोबल आईएमई बैंक, नेपाल बैंक लिमिटेड, आयुर्वेद अनुसन्धान केन्द्र, बीपी प्लानेटेरियम, काठमाडौं उपत्यका खानेपानी कार्यालय, ल्याबरेटरी स्कुल, राधास्वामी सत्सङ व्यास, प्रहरूी कार्यालय आदिसँग जोड्दै एउटै डालोमा राखेर १८ वटालाई 'शैक्षिक माफियाको दादागिरी चलेको छ' उल्लेख छ। अझ पृष्ठ १८ को (ख) बुँदा खोजबिन एवं तथ्यको संकलन उपशीर्षकमा यस्तो छ- राधास्वामी सत्सङ व्यास, लेबरोटरी स्कुलमात्र अनधिकृतरूपमा छन्।

त्रिवि र नेपाल क्रिकेट संघबीच २०५४ वैशाख २० गते र २०५९ वैशाख १ गतेका सम्झौता अनुसार जग्गा भाडामा दिइएको, नेपाल नेत्र ज्योति संघलाई २०७२ आसार २ गते सम्झौता गरी २० वर्षका लागि १० रोपनी जग्गा भोगाधिकारका लागि दिइएको तर नेपाल बैंक लिमिटेडलाई कहिलेदेखि दिइएको हो सो विवरण उपलब्ध भएन भन्ने उल्लेख छ। प्रतिवेदनमा विरोधाभास र पूर्वाग्रहका नमुना उल्लेख छन्। एकातिर त्रिविका पदाधिकारीहरूले आफ्ना जिम्मेवारी पूरा नगरेको कुरा प्रतिवेदनमा उल्लेख पटकपटक गर्छ भने अर्कोतिर पृष्ठ ३७ र ३८ को बुँदा नं. ५ मा लेबरोटरी स्कुलको केसमा त्रिविले पटकपटक जग्गा खाली गर्न अनुरोध पत्राचार गरेको तर खाली नगरेको उल्लेख छ।

अर्को स्पष्ट चार्ट प्रतिवेदनको पृष्ठ १३६ मा त्रिविको जग्गाको संरक्षण नहुनुका कारणहरूमा मुख्य प्रकारमा त्रिवि पदाधिकारी, राजनीतिक, व्यक्तिका व्यवहार तथा चाहना, कानुनी एवं नीतिगत र त्रिविका सम्बद्ध कर्मचारीका कमजोरी गरी पाँचवटा छन्। त्रिविलाई अनुरोधकर्ता नेपाल सरकारका ती कुलपति र सहकुलपति र सरकारलाई त्रिविको जग्गा हामीलाई देऊ भनेर माग्ने त्रिविअन्तर्गत नपर्ने निकायका हाकिममाथि यो छानबिन प्रतिवेदनले नाम किटेर सजायको लागि सिफारिश नगरेर केवल त्रिविका पूर्वपदाधिकारीमाथि किन सामान्यीकरण गरी दोष देखाएको ?

पुरानै गल्ती कि सचिने सरकार ?

त्रिविको क्रिकेट रंगला निर्माण कार्य त्रिविको हकमा अब सम्झौता अवधि पनि चार वा पाँच वर्षमात्र रहेको र पठनपाठनको वातावरण बिगार्ने भएकाले सरकारले थप अर्बौं लगानी बन्दमात्र नगरेर रंगशालालाई त्रिवि परिसरबाट अन्यत्र सार्नुप्‍यो। नत्र सरकारको लापरबाही र घाटा गर्ने वर्तमान सरकारले दश अर्ब थप लगानी गर्न गइरहेको बोल्न कर लाग्नेछ। देश र त्रिविको इन्ट्रेस्ट हेर्ने कि व्यक्ति विशेष कसैको ? क्याबिनेट नेपाल सरकारको तर्फबाट गरेर त्रिविको लालपूर्जा भएको जग्गा खोस्ने तर नैकाप वा कतैको बस्ती नै बसिसकेका विवादित जग्गा खोजिदिएका छौं गएर लेऊ भन्ने बोल्ने मान्छेलाई प्रतिवेदनले समेट्नु पर्‍यो।

वर्तमान सरकारका शिक्षामन्त्री माननीय पुनले त्रिविको जग्गा काठमाडौं उपत्यका बाहिरूको पनि खोज्नलाई फेरि छानबिन समिति गठन गर्ने र प्रतिवेदन अनुसार कारबाही गर्ने भन्नुभएको जस्तो बेली तब उचित होला जब सम्पूर्ण देशभरिकै प्रतिवेदन एक ठाउँमा आएर एकसाथ पढेर बुझियोस्। सरकारको क्याबिनेट डिसिजनबाट निर्णय भई सार्वजनिक भएको यस प्रतिवेदनलाई मिल्काउने होइन। त्रिविसँग साइनो नै नभएका वा पूरा गैह्रकानुनी ढंगले जमिन लिएका लेबरोटरी स्कुल, राधास्वामी सत्सङ व्यास, खानेपानी आदि हटाउँदा हुन्छ तर त्रिवि पदाधिकारी कसैलाई देशैभरको छानबिन नभई अधूरो प्रतिवेदनको आधारमा दोष देखाउन मिल्दैन जबकि जग्गा खोस्न लगाउने सरकारका व्यक्तिलाई देखाउन मिल्छ।

यस सरकारले विगतका कुलपति, सहकुलपति, त्रिविबाहेक अन्यत्र निकायका मान्छेले त्रिविको जग्गा विगतमा लिन त्रिवि पदाधिकारीलाई दिनलाई बाध्य पार्नेमाथि कारबाही नगरी एकतर्फी केवल त्रिवि पदाधिकारीमाथि कारबाही गरी त्रिविको सम्पत्ति पनि लिइछाड्ने मनसायमा अघि बढ्न खोजे त्रिविको अभिभावक संस्था नेपाल सरकारको स्वयं शिक्षा मन्त्रालय र त्रिविबीच झगडा र वैमनस्यता बढ्नेछ। अतः सरकार बुद्धिमताले न्यायपूर्ण ढंगले संयमपूर्वक अघि बढ्नुपर्छ। त्रिवि परिसरकै पनि चाइजिन एकेडेमी अफ सायन्स र राष्ट्रिय अविष्कार केन्द्रलगायत देशैभरका त्रिविका जग्गा छानबिन नयाँ प्रतिवेदनबाट समेटिएर आओस् अनि वर्तमान र पछि आउने प्रतिवेदनलाई एकसाथ अध्ययन गरी अन्तिम निष्कर्ष निकालेर बढ्दा मात्र वैज्ञानिक, वस्तुनिष्ठ र न्यायपूर्ण हुनेछ।

# जल्यो सिंहदरबार, ढल्यो इतिहास



● विशाल अधिकारी

गत भदौको २३ र २४ गते जेन-जी आन्दोलनको राप र ताप हालसम्म सेलाउन सकेको छैन । जेन-जी पुस्ताले सायदै कल्पना नगरेको आन्दोलनले केही कुरा दिए पनि धेरै कुरा गुमाएको महसुस आमजनमानसमा परेको छ । तत्कालीन प्रधानमन्त्री खड्कप्रसाद शर्मा ओलीकै दम्भ, अहंकार र घमण्डकै कारण देशले अकल्पनीय क्षति भोग्नुपरेको हो । हरेक कुरालाई सतही रूपमा लिएर प्रस्तुत हुने ओलीको सत्तालाई २४ भदौको जेन-जी आन्दोलनले ढाल्यो । २३ भदौमा रोपिएको जेन-जी आन्दोलनको बिउँ २४ भदौ मै स्पष्ट देखियो । देशमा सुशासन कायम हुनुपर्ने र बन्द सञ्जाल तत्काल खोल्नुपर्नेलगायत माग राख्दै सडकमा ओर्लिएको जेन-जीलाई तत्कालीन ओली सरकारले निकै हल्का रूपमा लिएको देखिन्थो । २३ भदौको सुरुवाती आन्दोलन शान्तिपूर्ण देखिन्थ्यो, आन्दोलन शान्तिपूर्ण रूपमा हुने कुरामा सरकार पनि ढुक्क थियो । जब आन्दोलन सुरु भएको केही घण्टामै बानेश्वरको संसद् भवनतिर लम्कियो अनी, बन्यो इतिहास । सुरुवाती चरणमा संसद् भवन घेर्ने जेन-जीहरूको मनशाय देखिन्थ्यो । जब संसद् घेर्न पुगेका जेन-जीमाथि तत्कालीन ओली सरकारले गोली हान्ने आदेश दियो अनी बानेश्वर बन्यो रणमैदान ।

२३ भदौमा नै दमन गर्ने रणनीति बनाएको सरकारले गोली हान्न आदेश दिएपछि उहीँ दिन डेढ दर्जन बढीले ज्यान गुमाए । त्यति धेरैले एकै दिन ज्यान गुमाएको कुरा नेपालको इतिहासमा पहिलो हो । २३ भदौमा नरोकिएको आन्दोलन २४ भदौ पनि सुरु भइहाल्यो, उक्त दिन नेपाली जनताहरूले केहीँ पाए भने केही गुमाए । प्रहरी र सशस्त्रको भागाभाग हुँदा २४ भदौको आन्दोलनमा मुख्य निसाना बने, सरकारी संरचना, नेताका घर र ठडिएका ठूला संरचनाहरू । संरचनाहरू ध्वस्त हुँदै गर्दा सिंहदरबार पनि निशानामा पऱ्यो । नेपालीहरूले वर्षौंदेखि गर्व गरिरहेको सिंहदरबार पनि ध्वस्त बन्यो । १२२ वर्षअघि बनेको सिंहदरबारले धेरै कष्ट खेप्नु परेको छ । १९औं शताब्दीको विशिष्ट वास्तु नमुना रहेको यो दरबार चन्द्र शमशेरले विसं १९६० मा व्यक्तिगत रूपमै २५ लाख रुपैयाँ खर्च गरेर निर्माण गरेका थिए, जुन दरबारमा १७ सय कोठा थिए । जेन-जी आन्दोलनभन्दा अघि विसं २०३० असार २५ गते पनि सिंहदरबारमा आगलागी भएको थियो । नेपालको मुख्य प्रशासनिक केन्द्र बनेको यो दरबारलाई चन्द्र शमशेरले निर्माण गरेका हुन् । १९५८ असार १० गते चन्द्र शमशेरले ३५० रोपनी जग्गा सिंहदरबारका लागि खरिद गरेका थिए । सत्तामा आएपछि चन्द्र शमशेरले आफूलाई बस्न उत्तम हुने दरबार बनाउँदै गर्दा भव्य दरबार बनेको बताइन्छ । यो दरबार निर्माण हुन एक वर्ष लागेको थियो । सिंहदरबारलाई चन्द्र शमशेरले व्यक्तिगत भवनका रूपमा बनाए पनि पछि उनले राष्ट्रलाई बेचेका थिए । दरबार हेर्दा नै निकै आकर्षक देखिन्थ्यो । दरबारका बैठक कोठाहरू बेलायती, इटालियन र फ्रान्सेली सामानले सजिएका थिए । सिंहदरबार नामकरण हुनुमा पनि अचम्मको कथन रहेको छ ।

सिंहदरबार निर्माण भएपछि एकदिन चन्द्र शमशेरले आफ्नी कान्छी श्रीमती बालकुमारी देवीलाई साथमा लिएर दरबारको कौसीमा पुगेछन् । उक्त कौसीबाट बाघदरबार देखेपछि चन्द्र शमशेरले ऊ बाघदरबार भन्दै बालकुमारी देवीलाई देखाएछन् । बालकुमारीले पनि चन्द्र शमशेरलाई त्यो बाघदरबार हो, भने यसलाई सिंहदरबार नाम राखौं भनेपछि चन्द्र शमशेर पनि सहमत भएर सिंहदरबार नाम राखिएको बताइन्छ । यो दरबार नेपालीहरूका लागि गौरवको दरबार थियो जसले नेपालीहरूको प्रतिष्ठा र इज्जतलाई प्रतिनिधित्व गरेको थियो । जेन-जी आन्दोलनले सिंहदरबार मात्रै जलेको छैन प्रत्येक नेपालीको मन पनि जलेको छ ।

५२ वर्षपछि पुनःसिंहदरबार खरानी बनेको छ । दरबारमात्रै खरानी बनेको छैन त्यससँग सम्बन्धित दस्तावेज पनि खरानी बन्न पुगेका छन् । सिंहदरबार आफैँमा राजनीति र संवैधानिक इतिहास बोकेको प्रमुख अड्डा मानिन्छ । राजनीतिक शक्तिको प्रमुख केन्द्र बनेको दरबार आज निरीह देखिन्छ । नेपाली राजनीतिमा भएका परिवर्तनहरुको साक्षी बनेको



सिंहदरबारलाई २४ भदौ गतेको जेन-जी आन्दोलनले ढालेको छ । आन्दोलनले दरबारमात्रै ध्वस्त पारेको छैन यसको इतिहास ध्वस्त भएको छ । पटक-पटकका आन्दोलन र परिवर्तनका साक्षी बनेको दरबार जेन-जी आन्दोलनमा जोगिन सकेन । सदैव सत्ता र शक्तिको किल्ला बनेर छुट्टै साम्राज्य बनेको सिंहदरबार आज निरीह बनेर उभिएको छ ।

इतिहासले जहिले पनि परिवर्तन माग्ने गर्छ । त्यहीँ परिवर्तन मध्यको एक हो, जेन-जी आन्दोलन । धेरै आन्दोलनलाई प्रत्यक्ष रूपमा देखेका नेपालीहरूले यो आन्दोलन पनि सहजै रूपमा लिएको देखिन्छ तर यो पटक इतिहासले धेरै कुरा गुमाएको छ । १९९० सालको भूकम्प र २०७२ सालको भुकम्पले समेत हल्लाउन नसकेको यो दरबारलाई यसपटकको आन्दोलनले खरानी बनायो । राणाकालीन इतिहासदेखि गणतन्त्रसम्मको इतिहासको साक्षी यो दरबार पुनःनिर्माण त होला तर खरानी बनेको इतिहास भने उठ्ने छैन । जलेका संरचना पुनःठडिएलान् तर जलेको इतिहास फेरि उभिने छैन ।

# अभिभावकविहीन देश

आज मुलुकले पुनः अभिभावकको अभाव महसुस गरिरहेको छ । भ्रष्टाचार बेथिति र विसंगतिका विरुद्धमा राज्यविरुद्ध राज्यद्वारा आन्दोलन छेडिरहेको स्थिति छ भने अर्कोतर्फ अखण्ड, स्वतन्त्र र अभिभाज्य मुलुकमाथि परचक्रेहरूको विखण्डनको षड्यन्त्र मौलाउँदै गएको छ । यसको मूल समस्या भनेको हामीभित्रको सामाजिक र राजनीतिक विभाजन हो ।



● कपिल अर्याल

कुनै पनि देश शान्त, स्थिर र विकासशील हुन आमजनताले चाहेको अभिभावकको आवश्यक पर्दछ । नेपालमा राजनीतिक पद प्राप्तिका लागि मात्र अभिभावकको भूमिका निर्वाह गर्ने त थुप्रै छन् तर देश बदल्नका लागि अभिभावकत्त्व ग्रहण गर्नसक्ने सामर्थ्य पुरुष जन्मिएको देखिँदैन । मलेसियाका प्रधानमन्त्री मोहम्मद महाथीरलाई ९३ वर्षको उमेरमा पनि मलेसियाली जनताले सत्तामा पुऱ्याए । यसको अर्थ देश संकटमा परेको बेला आमनागरिकले, राजनीतिक दलहरूले राजनीतिक निकासका लागि देशलाई सर्वोपरी ठानी राजनीतिक निकासको मार्ग प्रशस्त गराएको थुप्रै उदाहरण छन् । ध्रुवीकृत चीनलाई सन ऐत सेनले एकीकृत चीन बनाए । विस्मार्कले जर्मनीलाई युनिफाइड जर्मनको परिचय स्थापित गराए । इष्ट इण्डिया कम्पनीको ब्रिटिश साम्राज्यलाई महात्मा गान्धीले स्वतन्त्र भारत स्थापित गर्न सफल भए । बाईसे-चौबीसे राज्यमा विभाजित भुरे टाँकुरे राज्यहरूलाई राष्ट्रिय एकताको डालोभित्र नेपाल राज्यका परिकल्पनाकार पृथ्वीनारायण शाहले स्थापित गरेर देखाए । आजको राजनीतिक विरासत पूर्वजहरूको योगदान र देन थियो । ती ऐतिहासिक र राजनीतिक विरासतहरूले अभिभावकत्व, राष्ट्रिय एकताको सद्भावलाई वर्तमान समयसम्म मार्गदर्शनको भूमिका निर्वाह गऱ्यो ।

आज मुलुकले पुनः अभिभावकको अभाव महसुस गरिरहेको छ । भ्रष्टाचार बेथिति र विसंगतिका विरुद्धमा राज्यविरुद्ध राज्यद्वारा आन्दोलन छेडिरहेको स्थिति छ भने अर्कोतर्फ अखण्ड, स्वतन्त्र र अभिभाज्य मुलुकमाथि परचक्रेहरूको विखण्डनको षड्यन्त्र मौलाउँदै गएको छ । यसको मूल समस्या भनेको हामीभित्रको सामाजिक र राजनीतिक विभाजन हो । सामाजिक र राजनीतिक विभाजनलाई ब्रह्मस्त्र ठानेर परचक्रे फिरंगीहरूले विध्वंश मच्याउन सफल भएका छन् । श्रीलंका, बंगलादेश, अफगानिस्तान, इराक, लिबिया परचक्रेहरूकै विध्वंशका उपज देशहरू हुन् ।

वास्तवमा ०६२/०६३ सालको आन्दोलनपश्चात् शक्ति सन्तुलनको मुख्य कडी असन्तुलित भएकै हो । तर, यति शब्द बोल्दै गर्दा परचक्रेका मतियारहरूले राजावादी बिल्ला नभिराउलान् भन्न सकिँदैन । यहाँ कुन तन्त्र, कुन विचार, कुन दर्शन महत्त्वपूर्ण विषय होइन तर देशको अभिभावक भएन भने देश कता बहकिन्छ भन्ने महत्त्वपूर्ण विषय हो । देशलाई विल्कुलै अभिभावकको खाँचो छ । अन्तरिम सरकारप्रति जनताको विश्वास देखिँदैन । अर्कोतर्फ दलहरूले अन्तरिम सरकारका विरुद्धमा मोर्चाबन्दी कस्ने प्रयत्न नगर्लान् भन्न सकिँदैन । यसै पनि संविधानविपरीत निर्माण भएको अन्तरिम सरकार हो भनेर भाष्य प्रयोग हुनथालेका छन् । यस अवस्थामा आन्दोलनरत जेन्जी पुस्ताले उठाएका माग सम्बोधन हुने संवैधानिक व्यवधानका कारण असहज परिस्थिति देखिन्छ । फागुन २१ मा निर्वाचन भइहाल्छ भन्ने ठोस आधार देखिँदैन । यो अवस्थामा कतिबेला के हुन्छ यसै भन्नसक्ने स्थिति छैन । तर, यति चाहिँ हरेक नेपाली जनताले नहिच्किचाई भन्नुपर्दछ देशले उपयुक्त अभिभावक चाहेको छ ।

देशको सर्वोच्च निकाय सर्वोच्च अदालतलाई आगो लगाइयो । यसको अर्थ अदालतप्रति आम नागरिकको जनविश्वास छैन भन्ने कुराको संकेत थियो । सिंहदरबारमाथि आगो लगाइयो यसको अर्थ नेपालको प्रशासनिक र कर्मचारी क्षेत्रप्रति जनताको जनविश्वास छैन भन्ने कुरालाई संकेत गर्ने प्रयत्न गरियो । लोकतन्त्र र संसदीय व्यवस्थाको मूलथलो संसद् भवनमा आगो लगाइयो । यसको अर्थ आमनागरिक संसद्प्रति विश्वस्त छैनन् भन्ने कुराको संकेत थियो । नेपालको प्रहरी र सेना जनताको अधिकारभन्दा माथि कोही छैन तसर्थ जनताको संरक्षणका लागि गोली चलाउनु हुँदैन भन्ने कुरामा सचेत भए यसको अर्थ नेतृत्वप्रति जनताको जनविश्वास छैन भन्ने कुराको संकेत थियो । विद्यमान् परिस्थितिमा जेन-जी सरकार, संसद् पुनःस्थापना वा फागुन २१ को निर्वाचन राष्ट्रिय निकासको मूल मार्ग हो जस्तो लाग्दैन, यो त केवल शान्ति र स्थिरतालाई व्यवस्थापन गर्ने एउटा एकाइमात्र हो । मूल समस्या त हाम्रो संविधान, राज्यको पुनर्संरचना, निर्वाचन प्रणाली र सुशासनमा हो । जबसम्म यी मुद्दाहरूमा हामी केन्द्रित हुँदैनौ देशले निकास पाउने वातावरण तय हुँदैन ।

राष्ट्रिय संकट र संक्रमणकालीन समयमा केही हाम्रा इतिहासका उदारवादी नजिरहरू छँदैछन् । दश वर्षीय सशस्त्र युद्धलाई संसद्मा परिणत गरेको ऐतिहासिक नजिर हामीसँग छ । राजा त्रिभुवन भागेर दिल्ली जाँदा 'भ्याक्युम'मा रहेको राज्यसत्ता नाबालक ज्ञानेन्द्र शाहलाई राज सिंहासन राखेर अभिभावकविहीन, देशलाई नबनाएको सप्रमाण छ । राष्ट्रिय सहमतिकै विषयमा रहेर चुच्चे नक्सासहित नक्सा सार्वजनिक गर्ने सवालमा हामी एक ढिक्का भएको कसरी बिर्सिन सकिन्छ । खिलराज रेग्मीको नेतृत्वमा निर्वाचन सरकार निर्माण गरी राष्ट्रिय एकताको सद्भाव हामीले प्रदर्शन गरेका थियौ । जब-जब संकटका घडीहरू आउँछन् हामी एक हुन्छौं । तर, जब देशको विषय आउँछ हामी दलका पछि वा एजेण्डाका पछि कुदिरहेका हुन्छौ । असल अभिभावक खोज्ने प्रयत्न गर्दैनौं, त्यहाँ निहित स्वार्थ र कलोसित विचार वैभवले हामीलाई धृतराष्ट्र बनाउँछ त कहिले भीष्म पितामह बनाउँछ ।

अन्त्यमा परचक्रे र फिरिंगीहरूबाट देशलाई जोगाउनुछ । आन्तरिक हाम्रा दर्जनौं समस्या होलान्, आन्तरिक रूपमै समाधानको मार्गतर्फ निकास खोजौला । तर, बाह्य र वैदेशिक आक्रमणका विरुद्ध हामी एक ठाउँमा उभिनै पर्छ । आन्तरिक वा बाह्य रूपमा गृहकार्य गरिरहेका ती परचक्रे र फिरंगीहरू पहिचान गर्नुपर्दछ । एकता र सद्भावको भ्रातृत्वद्वारा उनीहरूका विरुद्धमा देशलाई अक्षुण राख्ने कोसिस गरिनुपर्दछ । स्वाभिमान र देशको अस्तित्वलाई कायम राख्न अभिभावकको खोजी गर्नुपर्दछ । सेप्टेम्बर ८ को घटनाले जे देखायो त्यसबाट शिक्षा लिँदै सार्वभौमिकता स्वाधीनता र राष्ट्रिय अखण्डता संरक्षणका लागि राष्ट्रिय अभिभावकको खोजी गर्नुको विकल्प छैन ।

सुद्धोधन-४ रूपन्देही

# बुद्ध नेपाल पिस फाउण्डेशनको एघारौं साधारणसभा सम्पन्न

**काठमाडौं/हिटा ।** बुद्ध नेपाल पिस फाउण्डेशनको एघारौं साधारणसभा अष्ट्रेलियामा सम्पन्न भएको छ । नेपाली कम्युनिटी सेन्टर रिचमण्डमा साधारणसभा सम्पन्न भएको हो । फाउण्डेशनका अध्यक्ष चिनकाजी श्रेष्ठको अध्यक्षतामा सम्पन्न सभाले आगामी दुई वर्षका लागि प्राडा.टीका लम्सालको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

सो अवसरमा पद हस्तान्तरण तथा बर-बुझारथ कार्यक्रमसमेत सम्पन्न गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लबकी गभर्नर लक्ष्मी चौधरी रहनुभएको थियो भने प्रमुख निर्वाचन आयुक्त प्राडा.आमोद पोखरेलको नेतृत्वमा निर्वाचन प्रक्रिया सम्पन्न भएको थियो । साधारणसभाको सञ्चालन महासचिव सुनिलले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष प्राडा.लम्साललाई सफल



कार्यकालका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गरिएको छ । फाउण्डेशनलाई ११ वर्षको सफल यात्रा पुऱ्याउन योगदान पुऱ्याउने संस्थापक अध्यक्ष स्व.डा.किशोर शेरचन, निवर्तमान अध्यक्ष चिनकाजी श्रेष्ठ तथा सम्पूर्ण सदस्यप्रति विशेष धन्यवाद प्रकट गरिएको थियो ।

# कालिका-७ भटेनीमा नि:शुल्क तीनदिने दन्त शिविर सम्पन्न



**चितवन/हिटा ।** कालिका नगरपालिका-७ भटेनीस्थित श्री पृथ्वी माध्यमिक विद्यालयको परिसरमा विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी निःशुल्क तीनदिने दन्त शिविर सम्पन्न भएको छ । चितवन सहायताको बेल्जियम, मेडोरा बेल्जियम र सामुदायिक सहयोग केन्द्र नेपालको संयुक्त आयोजनामा सञ्चालन भएको उक्त दन्त शिविरको उद्घाटन कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले गर्नुभएको थियो । कार्यक्रम पृथ्वी मावि व्यवस्थापन समितिका अध्यक्ष अमृत लामिछानेको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्यक्रममा विशिष्ट अतिथिका रूपमा चितवन सहायता कोष (बेल्जियम) का अध्यक्ष ईश्वरी कँडेल, संस्थापक अध्यक्ष सीता सापकोटा, निवर्तमान अध्यक्षहरू पार्वती अधिकारी र दिनेश भण्डारी, सामुदायिक सहायता केन्द्रका सचिव रामचन्द्र न्यौपाने, कार्यक्रम प्रमुख बासु अधिकारी, विद्यालयका प्रधानाध्यापक सूर्यभक्त अधिकारीलगायतको उपस्थिति थियो । साथै पत्रकार सिर्जना अर्याल, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, चितवन सहायताको प्रतिनिधि तथा मेडोरा बेल्जियमका सदस्यहरू पनि उपस्थित थिए । प्रधानाध्यापक सूर्यभक्त अधिकारीले स्वागत मन्तव्य दिनुभएको थियो । तीन दिनसम्म सञ्चालन भएको शिविरबाट करिब ७०० जना विद्यार्थीको दन्त परीक्षण तथा उपचार गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि रेग्मीले विद्यालयस्तरमै स्वास्थ्य सचेतना र दन्त उपचारका यस्ता कार्यक्रम आवश्यक रहेको बताउनुभयो । समापन मन्तव्य दिँदै अध्यक्ष लामिछानेले तीन दिनसम्म निरन्तर खटिएका चिकित्सक तथा सहयोगीहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो । बेल्जियममा आधारित चितवन सहायता कोषले सन् २०६५ सालदेखि शिक्षा र स्वास्थ्य क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको जनाएको छ ।

**Durgathali Rural Municipality**
**Office Of Rural Municipality**
**Chaudhari, Bajhang**
**Sudurpashim Province, Nepal**

**Invitation For Bid**

**Date of publication:- 03-11-2025**

**Durgathali Rural Municipality, Office Of the Rural Municipality Executive, Chaudhari Bajhang** invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National competitive Bidding procedures.

| S. N | Contract Id | Name of project And Location | Bid Security Amount NRS | Bid Document Fee NRS | Total Estimated Amount (including VAT and PS) | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/ WORKS/2082-083-01 | Construction of Kadagaun sichai kulo durgathali RM-07 Bajhang | 182000/- | 3000/- | Rs.8214595.60 | 05-11-2025 |
| 2 | DRM/NCB/ WORKS/2082-2083-02 | Construction of Janasayog Basic School Building Durgathali -07, Gaira Bajhang | 186000/- | 3000/- | 8390400.60 | 05-11-2025 |

**Note:- For more details bidders are advised to visit PPMO Website :WWW.bolpatra.gov.np/egp**

**Chief Administrative Officer**

**Nepal Water Supply Corporation**
**Branch Office, Nepalgunj, Banke**
First Date of Bid Publication: 2082/07/17 (03 Nov. 2025)

**Invitation for Only Electronic Bid for the following Goods & Works of Nepalgunj Branch Office**

| Project Title / Contract No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Last date of Bid Submission | Last date of Bid Opening |
|---|---|---|---|---|
| Supply & Delivery of Galvanized Iron (G.I.) Pipe medium class and Socket & Fittings for NWSC,Nepalgunj **IFB No./Bid No. : NWSC/NPJ/GIPipe/01/082/083** | Rs.3,000.00 (Three Thousand only) | Rs.1,00,000.00 (One lakh only) | 2082/08/19 (05 Dec. 2025) 12:00 Hr | 2082/08/19 (05 Dec. 2025) 13:00 Hr |
| Construction of Deep Tube well 250mm x 150mm along with electromechanical accessories all complete at Puraina Well Compound-21,for NWSC, Nepalgunj Branch **IFB No./Bid No. : NWSC/NPJ/Tubewell/02/082/083** | Rs.3,000.00 (Three Thousand only) | Rs.1,00,000.00 (One lakh only) | 2082/08/19 (05 Dec. 2025) 12:00 Hr | 2082/08/19 (05 Dec. 2025) 13:00 Hr |

| | |
|---|---|
| Account Number for Bid Document fee | Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Nepal Khanepani Sansthan, Nepalgunj Office Account no: 2041005201152406 |
| Account Number for Bid Security | Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Nepal Khanepani Sansthan, Nepalgunj Office Account no: 2041005201152405 |

**Note: For Further details and Downloading of Tender Documents, Please visit www.bolpatra.gov.np/egpand feel free to contact 081-533636 within office hour.**

**Office Chief**

■ यू-१९ प्रिमियर कप

# बोलाइयो ३० खेलाडीलाई बन्द प्रशिक्षणमा

**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक

आगामी एसिसी मेन्स यू-१९ प्रिमियर कपको तयारीका लागि बन्द प्रशिक्षणमा ३० जना खेलाडीलाई बोलाइएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले पहिलो चरणको बन्द प्रशिक्षणका लागि उनीहरूलाई बोलाएको हो। उक्त प्रतियोगिता नोभेम्बर १९ देखि ३० सम्म संयुक्त अरब इमिरेट्स (युएई)मा सञ्चालन हुनेछ। पहिलो चरणको बन्द प्रशिक्षण काठमाडौंमा आयोजना गरिनेछ।

क्यानको छनोट समितिले देशभरका उत्कृष्ट युवा क्रिकेटरहरूबीचको प्रदर्शनका आधारमा ३० जना खेलाडीहरूलाई पहिलो चरणको प्रशिक्षणका लागि छनोट गरेको जनाएको छ। छनोट भएका खेलाडीहरूमा अफ्रुद्विन राईन, प्रतीक पोखरेल, रोहन साह, चन्दन राम, भुपाल डंगोल, दिपक सेरेला, आशिष लोहार, रोशन विश्वकर्मा, सिविन श्रेष्ठ, सौजनप्रसाद घिमिरे, अशोक धामी, सोहेल कुँवर, अपराजित पौडेल, अमर मिश्र, दिलसाद अली, भान्स क्षेत्री, नितेश पटेल, अरविन्द घर्ती, कृतिक काम, सुशील रावल, निश्चल क्षेत्री, रौनक श्रीवास्तव, शुभम खनाल, अभय यादव, सिवान्स बजगाईं, प्रसिद्ध जैशी, जोय थापा, दर्श सोनार, परिमार्जन यादव र कुमार यादव हुनुहुन्छ।




# नेपाली भेट्रान टोली चेन्नई प्रस्थान

**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक



एसियाली मास्टर्स एथलेटिक्स च्याम्पियनसिपको २३औं संस्करणमा सहभागी हुन नेपाली भेट्रान टोली आइतबार भारतको चेन्नई प्रस्थान गरेको छ। नोभेम्बर ५ देखि ९ तारिखसम्म हुने प्रतियोगितामा २२ खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्। खेलाडीसहित नेपाली टोली ३६ सदस्यीय रहेको छ।

खेलाडीमा ग्रिवानविक्रम शाह, शिवहरि खनाल, रेवतबहादुर दाहाल, गौतम माझी, तेजेन्द्र थापा, हरिगोपाल जोशी, राजेशकुमार श्रेष्ठ, कृष्णप्रसाद सिग्देल, शर्मिला श्रेष्ठ प्रधान, विष्णु मल्ल, सीता गुरुङ, इन्द्रकुमारी मल्ल, सुनिलकुमार लालवनी, श्रवणकुमार श्रेष्ठ, रामचन्द्र श्रेष्ठ, आशनारायण चौधरी, अरुणकुमार वैद्य, एन्थोनी अमात्य, गोविन्दबहादुर थापा, सन्तोषबहादुर खड्का, सुरेश जोशी र गौरी श्रेष्ठ हुनुहुन्छ।

टोली प्रमुखमा जिएन दाइ शर्मा, व्यवस्थापकमा भैरव शाही र यशोदा शर्मा, सहायक व्यवस्थापकमा भरतमणि आचार्य दीक्षित र विजयलक्ष्मी शाही तथा फिजियोमा विश्वरत्न मानन्धर र सुधा थापा रहनुभएको छ। टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले आइतबारै एक कार्यक्रमबीच बिदाइ गर्नुभएको थियो।

# राप्तीसोनारी नेचर रन कात्तिक २२ गते हुने

**हिमालय टाइम्स**
नेपालगञ्ज, १६ कात्तिक

RAPTI SONARI 4.2K NATURE RUN

बाँकेको राप्तीसोनारी गाउँपालिकामा यस वर्षको राप्तीसोनारी नेचर रन यही कात्तिक २२ गते शनिबार हुने भएको छ। यो दौड प्रतियोगिता धारा नेपालगञ्ज म्याराथनको भगिनी इभेन्टका रूपमा गत वर्षदेखि सुरु गरिएको हो।

राप्तीसोनारी नेचर रनमा गाउँपालिकाभित्रका विभिन्न विद्यालयका छात्र-छात्राहरू सहभागी हुनेछन्। प्रतियोगिताको तयारी तीव्र पारिएको र रेस व्यवस्थापनदेखि सुरक्षासम्मका सम्पूर्ण पक्षमा ध्यान दिइएको आयोजकहरूले जनाएका छन्।

रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङका अनुसार प्रतियोगितामा उमेर र कक्षाअनुसार विद्यार्थीलाई विभाजन गरेर दौड सञ्चालन गरिनेछ। विजेता खेलाडीलाई नगद पुरस्कार, पदक र प्रमाणपत्र प्रदान गरिने उहाँले जानकारी दिनुभयो।

धारा नेपालगञ्ज म्याराथनका रणनीतिक एवं अन्तर्राष्ट्रिय समन्वय प्रमुख तीर्थ ओलीका अनुसार विद्यालय तहकै बालबालिकामार्फत् वातावरणप्रति सचेतना फैलाउने उद्देश्यले नेचर रन सञ्चालन गरिएको हो। उहाँका अनुसार 'सानैदेखि बालबालिकालाई प्रकृतिप्रति माया गर्न, प्राकृतिक स्रोत-साधनको संरक्षण र सदुपयोग गर्न प्रेरित गराउने हाम्रो मूल उद्देश्य हो।'

राप्तीसोनारीमा जन्मिनुभएका तीर्थ ओली हाल जर्मनीमा एथ्लेटिक्स प्रशिक्षकका रूपमा कार्यरत हुनुहुन्छ। उहाँले स्थानीयस्तरमा खेलकुदमार्फत् वातावरण संरक्षणको सन्देश फैलाउन निरन्तर पहल गर्दै आउनुभएको छ।

धारा नेपालगञ्ज म्याराथन 'एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एण्ड डिस्टेन्स रेस' को पूर्णकालीन सदस्य हो। यसले नेपालगञ्ज म्याराथनका अलावा नेपालगञ्ज १० नाइट रन, गौघाट ग्रिन रन, काठमाडौं २५ हेरिटेज रेस र कर्णाली हाफ म्याराथन जस्ता विभिन्न दौड इभेन्टहरू आयोजना गर्दै आएको छ।

देशको वर्तमान परिस्थितिका कारण यस वर्ष नाइट रन स्थगित गर्नुपरेको भए पनि गौघाट ग्रिन रन दोस्रो संस्करणका रूपमा असोज २८ गते सफलतापूर्वक सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा मिस नेपाल २०२३ श्रृच्छा प्रधान र कमनवेल्थ गेम्स २०१० का स्वर्णपदक विजेता केन्याका जोन केलाईको समेत विशेष उपस्थिति रहेको थियो। धारा नेपालगञ्ज म्याराथनका कार्यक्रम संयोजक कपिल थापाका अनुसार राप्तीसोनारी नेचर रनमा पनि यस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलहस्तीहरूलाई सहभागी गराउने तयारी भइरहेको छ। यसैबीच, धारा नेपालगञ्ज म्याराथन आगामी मंसिर ६ गते शनिबार आयोजना हुने भएको छ। आयोजक समितिले नेपालगञ्ज म्याराथनलाई अन्तर्राष्ट्रियस्तरको रेसका रूपमा निरन्तर अघि बढाउने लक्ष्य लिएको जनाएको छ।

# टी-२० अन्तर्राष्ट्रियबाट केन विलियमसनको सन्न्यास

**एजेन्सी**
लण्डन, १६ कात्तिक

न्युजिल्याण्डका पूर्वकप्तान केन विलियमसनले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिनुभएको छ। तर, टेष्ट र एकदिवसीय ढाँचामा खेल्न जारी राख्नुहुनेछ। त्यसकै लागि टी-२० बाट आइतबार सन्न्यास लिएको उहाँको भनाइ छ। अब आफ्नो ध्यान टेष्ट क्रिकेट र परिवारमा केन्द्रित गर्ने उहाँले बताउनुभयो। विलियमसनले अन्तिमपटक गत वर्षको टी-२० विश्वकप खेल्नुभएको थियो। २०११ मा न्युजिल्याण्डका लागि डेब्यु गर्नुभएका उहाँले ९३ खेलमा देशको प्रतिनिधित्व गर्नुभयो। जसमध्ये ७५ वटाको कप्तानी गर्नुभयो। जसमध्ये ३९ खेल जित्नुभएको थियो। उहाँले २०१६ र २०२२ को टी-२० विश्वकपको सेमिफाइनल र २०२१ को विश्वकपको फाइनलमा टोलीको नेतृत्व गर्नुभएको थियो, जहाँ उहाँहरू हार्नुभएको थियो। 'यो त्यस्तो चिज हो जसको म लामो समयदेखि हिस्सा हुँ र म ती सम्झनाहरू र अनुभवहरूका लागि धेरै आभारी छु,' उहाँले भन्नुभयो, 'यो मेरो र टोलीका लागि सही समय हो। यसले आगामी शृंखला र अर्को ठूलो फोकसः टी-२० विश्वकपका लागि टोलीलाई स्पष्टता दिनेछ।' विलियमसन टी-२० ढाँचामा न्युजिल्याण्डको दोस्रो सर्वाधिक रन बनाउने खेलाडी हुनुहुन्छ, जसले ३३.४४ को औसतमा २,५७५ रन बनाउनुभएको छ। उहाँभन्दा अघि मार्टिन गुप्टिलले ३,५३१ रन बनाउनुभएको छ। विलियमसनले पहिले नै मिचेल सान्टनरलाई टी-२० को कप्तानी सुम्पिसक्नुभएको छ।

# सुदूरपश्चिम रोयल्सले कात्तिक २३ र २४ गते ट्यालेन्ट हन्ट आयोजना गर्ने

**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक

नेपाल प्रिमियर लिग (एनपिएल) टोली सुदूरपश्चिम रोयल्सले आगामी कात्तिक २३ र २४ गते धनगढीमा ट्यालेन्ट हन्ट आयोजना गर्ने भएको छ। धनगढीस्थित 'धनगढी क्रिकेट एकेडेमी (डिसिए)' मा हुने यो कार्यक्रम सुदूरपश्चिम प्रदेशभरिका उदाउँदा युवा क्रिकेट प्रतिभाहरूलाई खोजी, पहिचान र अवसर प्रदान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो।

ट्यालेन्ट हन्टमा सहभागी हुन इच्छुक खेलाडीले कात्तिक १९ गते (नोभेम्बर ५) सम्म अनिवार्यरूपमा दर्ता प्रक्रिया पूरा गर्नुपर्ने आयोजकले जनाएको छ। सो अवसरमा क्षेत्रीयस्तरमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई एनपिएलको दोस्रो संस्करणका लागि चयन गर्ने सम्भावना रहेको बताइएको छ।

सुदूरपश्चिम रोयल्सले यस ट्यालेन्ट हन्टमार्फत् सुदूरपश्चिम प्रदेशका प्रतिभाशाली युवा क्रिकेटरलाई राष्ट्रिय मञ्चमा ल्याउने लक्ष्य लिएको छ। क्लबका अनुसार यस कार्यक्रमले स्थानीयस्तरमा क्रिकेटप्रतिको उत्साह अझ बढाउने र भविष्यका राष्ट्रिय खेलाडी उत्पादन गर्न टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

एनपिएलको साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले दोस्रो सिजनको तयारीस्वरूप शनिबारदेखि औपचारिक प्रशिक्षण सत्र पनि सुरु गरेको जनाएको छ। टोलीले यसपटक नयाँ रणनीति र उत्साही खेल प्रदर्शन गर्ने तयारी गरेको छ। आगामी मंसिर १ गतेदेखि २७ गतेसम्म हुने एनपिएलको दोस्रो संस्करणमा सुदूरपश्चिम रोयल्सले उपाधि जित्ने लक्ष्यसहित प्रतिस्पर्धा गर्नेछ।


**बडिमालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मार्तडी, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२।०७।१७ गते**

यस कार्यालयको बोलपत्र नं.(BMO/WORKS/NCB/01/082-83) Melkadh Rajali Road Construction at Badimalika Municipality ward no 3, Bajura को सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp. मा प्रकाशित भइसकेको हुँदा विस्तृत विवरण सोही वेबसाइटमा हेरी तोकिएको समयभित्र बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

पदमबहादुर माझी
प्रमुख प्रशासकीय अधिकृत

**चैनपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चैनपुर, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**प्राविधिक प्रस्ताव स्विकृत भइ आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८२/०७/१६ गते**

यस नगरपालिकाबाट निर्माण कार्यको खरिदका लागि मिति २०८२/०५/०९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना (Invitation of Bids–Single Stage Two Envelope Bidding Procedure) बमोजिम बोलपत्र आव्हान भएको थियो। बोलपत्र आव्हान भएको पोखरी मैदाने देखि प्याङकोट जाने सडक निर्माण योजना ठेक्का प्याकेज नं. **CM/NCB/W/04/082-083 E–bidding** मार्फत पेश भएका र निर्धारित समयमा खोलिएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव (Technical Bid) मा सफल निर्माण व्यवसायीहरु तपसिल बमोजिम रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ (५) बमोजिम आर्थिक प्रस्ताव खोल्ने प्रयोजनका लागि तपसिल बमोजिमको मिति, समय र स्थानमा उपस्थित हुन ७ (सात) दिनको सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.स. | बोलपत्र पेश भएको निर्माण व्यवसायीको नाम |
|---|---|
| १ | काका निर्माण सेवा, चैनपुर-६, संखुवासभा |
| २ | रामचन्द्र/चन्दाछा जे.भी, खाँदबारी-७, संखुवासभा |
| ३ | एनकेपी/ओखिखेत/डीकेसी जे.भी, बझाङ |

| क्र.स. | सफल भएको निर्माण व्यवसायीको नाम |
|---|---|
| १ | काका निर्माण सेवा, चैनपुर-६, संखुवासभा |
| २ | रामचन्द्र/चन्दाछा जे.भी, खाँदबारी-७, संखुवासभा |

**मिति :** २०८२/०७/२३ गते, **समय :** दिनको ११:०० बजे
**स्थान :** चैनपुर नगरपालिकाको कार्यालय, चैनपुर, संखुवासभा

प्रमुख प्रशासकीय अधिकृत

**सडक डिभिजन, नेपालगञ्ज**

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मिति: २०८२/०७/१७**

यस कार्यालयको मिति २०८२/०४/२० गते हिमालय टाईम्स र २०८२/०५/०१ गते नेपाल समाचारपत्रमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं क्रमश: TNN02-082/83 र TNN03-082/83 अनुसार तपशील बमोजिमका ठेक्कामा पेश भएका बोलपत्रदाताहरूका प्राविधिक प्रस्तावहरु खोली परिक्षण गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव तपशीलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलीको दफा ३१ (ङ) को उपदफा ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरूको नाम र ठेगाना |
|---|---|
| RDNGJ/337011694/082/83-10 | 1. M/S ARCHI-KALIKOT JV, Nepalgunj-4, Banke<br>2. M/S Kutumba – Alfa JV, Nepalgunj 18, Banke<br>3. M/S LMP Construction- Jay Ganesh Nirman Sewa JV, Baijanath-04, Banke.<br>4. M/S Ratala / Pant JV, Mahakali-08, Kanchanpur<br>5. M/S Sakchyam Nirman Sewa P. Ltd.,Nepalgunj Banke<br>6. M/S STRAIGHT LINE/PRECIOUS JV, Khajura-03, Banke<br>7. M/S Surabhi-D.N- Saurav JV, Kohalpur-06, Banke<br>8. M/S Yajib Construction Pvt. Ltd, Dang Nepal |
| RDNGJ/337011694/082/83-11 | 1. M/S ARCHI-KALIKOT JV, Nepalgunj-4, Banke<br>2. M/S BHAIRAV-BIJAY JV, Tulsipur-05, Dang, Nepal<br>3. M/S BNS – GMS - SMP JV, Chandannath-05, Jumla<br>4. M/S GROW UP- R. M JV, Khajura-3, Banke, Nepal.<br>5. M/S Prithivee Construction, kotatulsipur -1, Kailali, Nepal<br>6. M/S ROLPA –Sofiya-Jimjhyang JV, Ghorahi-15,Dang<br>7. M/S S.L- Eco World-Precious JV, Bansgadhi 1, Bardiya<br>8. M/S Sakchyam Nirman Sewa P. Ltd., Nepalgunj Banke<br>9. M/S Yajib Construction Pvt. Ltd, Dang Nepal |
| RDNGJ/337011694/082/83-17 | 1. M/S Aayush Nirman Sewa, Kohalpur Municipality-, Banke<br>2. M/S Jay Ganesh Nirman Sewa - LMP Construction JV, Baijanath-4, Banke.<br>3. M/S Sakchyam Nirman Sewa P. Ltd.,Nepalgunj Banke<br>4. M/SPRECIOUS/STRAIGHT LINE JV, Khajura, Banke.<br>5. M/S Ratala Nirman Sewa, Mahakali Municipality, Ward No.8, Kanchanpur, Nepal |

**आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान:** २०८२/०७/२४ गते दिनको ११:०० बजे, सडक डिभिजन, नेपालगञ्ज

डिभिजन प्रमुख

**Phungling Municipality**
**Office Of The Municipal Executive**
**Phungling, Taplejung**
**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/07/17**

1. Phungling Municipality Office invites electronic bids from Nepalese eligible bidders for the Construction of works mentioned below:-

| S. N. | Contract Name/Contract ID | Estimated Amount (NRs) (Inclusive of VAT & Contingencies) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | Construction of Black Topped Road from Sherpa Tole - Dahal Gaun to New Buspark **Phunglingmun/NCB/Works/01/2082-083** | 1,93,92,980.98 | 3,000.00 | 5,80,000.00 |
| 2 | Construction of Blacktop Road From 6 No. Ward office to Chandeshwor Dham-Ukenhang Gadhi to Nagejung Danda **Phunglingmun/NCB/Works/02/2082-083** | 1,69,98,614.26 | 3,000.00 | 5,05,000.00 |

2. Eligible Bidders may obtain further information by visiting PPMO website **www.bolpatra.gov.np/egp**.
3. Submission and Opening Date of Contract Shall be **2082/08/17, 12:00** Noon and **2082/08/17, 13:00** Noon respectively.
4. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document online through local level revenue portal or direct bank deposit in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Depositing Amount in given account through connect IPS will not be considered valid. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| **Name of Bank** : Nepal Bank Ltd.<br>**Account Name** : Ga.11 Phungling Na.Pa Aantarik Rajashwa Khata<br>**Account Number** : 06203000001001000002 | **Name of Bank** : Nepal Bank Ltd.<br>**Account Name** : Ga.3. Phungling Na.Pa Dharauti Khata<br>**Account Number** : 06203000003000000002 |

5. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Acting Chief Administrative Officer**

## प्रभु महालक्ष्मीको अभिकर्ता लिडर भेला

**काठमाडौं ।** प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सद्वारा आयोजित अभिकर्ता लिडर एडुटेनमेन्ट कार्यक्रम चितवनमा सम्पन्न भएको छ। कात्तिक १३ गतेदेखि १५ गतेसम्म सञ्चालन भएको कार्यक्रम मनोरञ्जन, सीप विकास र क्षमता अभिवृद्धिमूलक गतिविधिसहित सम्पन्न भएको हो। कार्यक्रम उद्घाटन गर्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले कम्पनीले नियमितरूपमा गर्दै आएको स्तरीय तालिम तथा कार्यक्रमहरूले अभिकर्ता लिडरहरूको व्यावसायिक क्षमता अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताउनुभयो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अभिकर्ताको पहिचान स्थापित गर्न कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको विश्वास थियो। राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारको उपस्थिति रहेको मनोरञ्जनात्मक साँझले सहभागीहरूलाई थप ऊर्जावान र प्रेरित बनाएको पनि प्रसाईंले बताउनुभयो। कार्यक्रममा देशभरबाट दुई सयभन्दा बढी अभिकर्ता लिडरको सहभागिता थियो। कम्पनीका अनुसार कार्यक्रममा 'द आर्ट अफ सेलिङ' का लागि प्रसिद्ध अन्तर्राष्ट्रिय प्रशिक्षक अरनिको सिंहले बीमा बिक्री कलासम्बन्धी क्षमता अभिवृद्धि तालिम दिनुभएको थियो, जसले सहभागीहरूमा नयाँ उत्साह र आत्मविश्वास जगाएको थियो। कार्यक्रमको मुख्य आकर्षणमा लोकप्रिय गायक प्रमोद खरेल र परम्परा ब्याण्डको लाइभ सांगीतिक प्रस्तुति रहेको थियो।

## गुरु ट्राभल्सलाई अवार्ड

**काठमाडौं ।** गुरु ट्राभल्स लिमिटेडले अन्तर्राष्ट्रिय ट्रिप एडभाइजरको 'ट्राभलर्स च्वाइस अवार्ड २०२५' प्राप्त गरेको छ। उक्त अवार्डले गुरु ट्राभल्सलाई विश्वका शीर्ष १० उत्कृष्ट ट्राभल कम्पनीमध्ये एकका रूपमा मान्यता दिएको हो। यात्रुको समीक्षा र सन्तुष्टिका आधारमा ट्रिप एडभाइजरले हरेक वर्ष यस्तो अवार्ड दिने गर्छ। उक्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत नवराज धरेलले अवार्ड टोलीको मिहिनेत र ग्राहकको विश्वासको नतिजा भएको बताउनुभएको छ। कम्पनीले देशभित्र र अन्तर्राष्ट्रिय टुर प्याकेज, हवाई टिकटिङ, होटल बुकिङ, भिसा, सम्मेलन तथा इभेन्ट व्यवस्थापनलगायतका सेवा प्रदान गर्दै आएको छ।

# निर्यात अनुदान खारेजीविरुद्ध आन्दोलनको तयारी

**लेखनाथ पोखरेल/हिटा**
काठमाडौं, १६ कात्तिक

निर्यात प्रवर्द्धनमार्फत् आयात प्रतिस्थापन गर्दै जाने उद्देश्यका साथ अघिल्लो सरकारले निरन्तरता दिँदै आएको निर्यात प्रोत्साहन अनुदानको व्यवस्था जेन-जी सरकारले खारेज गरिदिएपछि निर्यात व्यवसायी आन्दोलित बनेका छन्। निर्यात अनुदानको व्यवस्था खारेजी फिर्ताका लागि पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि आन्दोलन गर्नुपर्ने अवस्था आएको उनीहरूले बताएका छन्। आन्दोलनका लागि निजी क्षेत्रका पाँचवटा छाता संगठनहरूले गृहकार्य सुरु गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ(सिएनआई), नेपाल घरेलु तथा साना उद्योग महासंघ, निर्यात व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघ संयुक्तरूपमा आन्दोलनको तयारीमा लागेका हुन्। जसका लागि पाँचवटै संगठनको प्रतिनिधित्व हुनेगरी कार्यदल गठन गरिएको निर्यात व्यवसायी महासंघका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभएको छ। उहाँका अनुसार कार्यदले केही दिनभित्रै आन्दोलनका कार्यक्रम घोषणा गर्नेछ। आन्दोलनको स्वरूपबारे यकिन भइनसके पनि सरकारलाई अल्टिमेटम दिनेदेखि अदालतसम्म पुग्नेगरी गृहकार्य भइरहेको घिमिरेले हिमालय टाइम्सलाई बताउनुभयो। उहाँले भन्नुभयो, 'नयाँ सरकारलाई असहयोग नगरौं भन्ने नै हाम्रो चाहनाअनुसार हामीले यस विषयमा पटक-पटक सम्बन्धित निकायलाई ध्यानाकर्षण गरायौं। उद्योगमन्त्रीदेखि अर्थ मन्त्रालयसम्म धेरैपटक धायौं तर सुनुवाइ भएन, सुनुवाइ हुने संकेतसम्म पनि देखिएन। त्यही भएर आन्दोलनमै जान हामी बाध्य भएका छौं। हामी कानुनी उपचारका लागि अदालत जानुपरे पनि जानेछौं।

घिमिरेका अनुसार बजेटमै व्यवस्था भएको निर्यात अनुदान सरकारले दिन्न भन्न मिल्दैन। किनभने निर्यात अनुदान कार्यविधि जीवितै छ। कि कार्यविधि पनि खारेज गर्नुपर्‍यो। आयात बढेर नेपालको व्यापार घाटा चुलिँदै गएको अवस्थामा निर्यात अनुदान खारेज गर्दा आयात प्रोत्साहित हुने र निर्यात निरुत्साहित हुने अवस्था आउँछ। किनभने नेपालका दुई ठूला छिमेकी मुलुक चीन र भारतको उत्पादन लागत हाम्रोभन्दा धेरै कम छ। हाम्रो उत्पादन लागत पनि बढी छ भने निर्यात लागत पनि बढी छ। सोही वास्तविकतालाई आत्मसात गर्दै निजी क्षेत्रको मागअनुसार सरकारले निर्यात अनुदानको व्यवस्था गरेको थियो।

घिमिरेका अनुसार आर्थिक वर्ष २०८०/८१ कै निर्यात अनुदानको भुक्तानी दिन बाँकी रहेको छ। केही रकम निकासा गरे पनि उक्त आर्थिक वर्षकै पाँच अर्ब ३४ करोड बक्यौता छ। व्यवसायीले पाउने निर्यात अनुदान रकमसमेत आम्दानी जोडेर सरकारलाई कर तिर्दै आएका छन्।

त्यसो त व्यवसायीले सरकारले निर्यात अनुदान रकम उपलब्ध गराउन नसक्ने अवस्थामा अन्य नीतिगत सहजीकरणको विकल्पसमेत सरकारलाई दिएका थिए तर अन्य विकल्पमा पनि सरकार तयार नदेखिएको घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो, 'निर्यात अनुदानका लागि सरकारसँग बजेट अभाव भए करमा सहुलियत र अन्य विकल्प पनि थियो। तर, सरकारले वास्तै गरेन।'



**गोविन्दप्रसाद घिमिरे**
अध्यक्ष- निर्यात व्यवसायी महासंघ



**रविन्द्र शाक्य**
अध्यक्ष- नेपाल हस्तकला महासंघ

नेपाल हस्तकला महासंघका अध्यक्ष रविन्द्र शाक्य पनि निर्यात अनुदान व्यवस्था खारेजीले निर्यात व्यवसायी निरुत्साहित हुने बताउनुहुन्छ। निर्यात अनुदान खारेजीले व्यवसायीलाई मात्रै नभई सरकारलाई पनि घाटा हुने उहाँको भनाइ छ। शाक्यले हिमालय टाइम्ससँग भन्नुभयो, 'निर्यात अनुदान खारेजीले निर्यात निरुत्साहित हुन्छ। यसबाट सरकारलाई पनि फाइदा हुँदैन। निर्यात बढ्दा सरकारको राजस्व बढ्थ्यो। आयात प्रतिस्थापन भई व्यापार घाटा कम हुन्थ्यो। फेरि सरकारले दिने भनिएको निर्यात अनुदान राजस्वबापत व्यवसायीबाटै लिएको पैसा त हो!'

सरकारले निर्यातयोग्य वस्तु तथा सेवाको उच्च प्राथमिकताका विभिन्न वस्तु र सेवा समेटेर नेपाल एकीकृत व्यापार रणनीति(एनटिआइएस) कार्यान्वयनमा ल्याएको छ। एनटिआइएसमा समेटिएका वस्तु तथा सेवा निर्यातमा सरकारले निर्यात प्रोत्साहन अनुदान दिने व्यवस्था गरेको थियो। नेपाली वस्तुको विश्व बजारमा पहुँच विस्तार गर्ने उद्देश्यका साथ निर्यात अनुदानको व्यवस्था आर्थिक वर्ष २०६७/०६८ देखि सुरु भएको हो। निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७९ ले विभिन्न ३६ प्रकारका वस्तु निर्यातमा अनुदान दिने व्यवस्था गरेको छ। जसमध्ये १८ प्रकारका वस्तुमा मूल्य अभिवृद्धि ५० प्रतिशत र बाँकी १८ प्रकारका वस्तुमा ३० प्रतिशत हुनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि ५० प्रतिशत हुनुपर्ने वस्तुमा प्रशोधित चिया, प्रशोधित कफी, हस्तकला (तामा, फलाम, ढलोट र सिसा कच्चा पदार्थका रूपमा प्रयोग भएका वस्तु) र काष्ठकलाका वस्तु रहेका छन्। त्यस्तै, प्रशोधित छाला, हातेकागज तथा सोबाट उत्पादित सामान, प्रशोधित तथा अर्धप्रशोधित जडीबुटी (यार्सागुम्बासमेत), प्रशोधित पत्थर तथा सारयुक्त तेल, अल्लोबाट उत्पादित सामान, प्रशोधित पिउने पानी, प्रशोधित तथा अर्धप्रशोधित बेसार, ताजा तरकारी, पुष्प, प्रशोधित मह, अलैंची र अदुवामा पनि ५० प्रतिशत मूल्य अभिवृद्धि हुनुपर्ने व्यवस्था रहेको छ। उल्लेखित वस्तुमा कुल निर्यात मूल्यको पाँच प्रतिशत हुन आउने रकम नगद अनुदान दिइने व्यवस्था छ। ती वस्तु उत्पादनमा कम्तीमा ८० प्रतिशत मूल्य अभिवृद्धि गरी निर्यात गरेमा थप एक प्रतिशत बराबर हुन आउने रकम अतिरिक्त अनुदान दिइने कार्यविधिमा व्यवस्था छ।

उच्च निर्यात सम्भावना भएका क्लिंकर, सिमेन्ट, स्टिल, फुटवेयर, प्रशोधित पानी, सूचना प्रविधिमा आधारित सेवा तथा बिजनेस प्रोसेस आउट सोर्सिङ जस्ता सेवाहरू पहिचान गरी निर्यात गर्नेले आठ प्रतिशत निर्यात अनुदान पाउने व्यवस्था छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्देशन भन्दै उद्योग विभागले निर्यात अनुदानका लागि आर्थिक वर्ष २०८१/८२ को स्वघोषणाको विवरण उद्योग विभागमा नगर्न सबै सरोकारवालाहरूलाई आग्रह गरेको छ। त्यसरी विभागले थप निवेदन लिन अस्वीकार गरेसँगै उद्योगी व्यवसायीले गत वर्ष निर्यात गरेबापतको नगद अनुदान पाउने अवस्था छैन।

> **उद्योगमन्त्रीदेखि अर्थ मन्त्रालयसम्म धेरैपटक धायौं तर सुनुवाइ भएन। त्यही भएर आन्दोलनमै जान हामी बाध्य भएका हौं। सरकारले सुनेन भने कानुनी उपचारका लागि अदालतसम्म पुग्ने हाम्रो तयारी छ।**

नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डे नगद अनुदानका लागि निवेदन नलिने सरकारी निर्णयले दीर्घकालीनरूपमा निर्यातमुखी उद्योगहरूमा नकारात्मक प्रभाव पार्ने बताउनुहुन्छ। उहाँका अनुसार नेपाली उद्योगहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्ने अवसरबाट पनि सरकारी निर्णयले वञ्चित गराउन सक्छ। कतिपय देशले निर्यात प्रवर्द्धनका लागि निर्यातमा २५ प्रतिशतसम्म अनुदान दिएर निर्यात प्रतिस्पर्धी बन्दै गएपछि अनुदान रकम पनि घटाउँदै लगेको पाइएको छ। बंगलादेशले पनि विगतमा त्यसै गरेको थियो।

त्यसो त निर्यात अनुदान खारेजीको निर्णयलगत्तै निजी क्षेत्रका छाता संगठनहरूले निर्णय तत्काल फिर्ता लिन सरकारलाई आग्रह नगरेका होइनन्। अनुदान खारेजीको चौतर्फी विरोध भएकै हो। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ(सिएनआई), नेपाल चेम्बर अफ कमर्स, नेपाल हस्तकला महासंघ, नेपाल निर्यात व्यवसायी महासंघ, उद्योग संगठन मोरङ, मोरङ उद्योग व्यापार संघलगायतले निर्यातमा दिइँदै आएको अनुदान बन्द नगर्न ध्यानाकर्षण गराएका थिए। आन्तरिक उत्पादनको निर्यात क्षमता प्रतिस्पर्धी बन्न नसकेको, उत्पादन लागत उच्च भएका बेलामा सरकारको पछिल्लो निर्णयले निर्यात निरुत्साहित हुने उनीहरूको भनाइ थियो। अर्थतन्त्रका विद्यमान समस्या समाधान र लगानीकर्ताको मनोबल उकास्ने गरी नीतिगत सहजता गर्न र वर्तमान परिस्थितिमा औद्योगिक तथा व्यावसायिक सुरक्षा प्रत्याभूतिका साथै लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने समयमा निजी क्षेत्रलाई निरुत्साहित गर्ने नीति लिएको भन्दै निजी क्षेत्रले असन्तुष्टि व्यक्त गरेको छ। नेपालका निर्यातकर्ताहरूले नयाँ वस्तुलाई अनुदान सूचीमा थप गर्न माग गर्दै आएका बेला सरकारले उल्टो कदम चाल्दै अनुदान प्रक्रिया रोक्ने निर्णय गरेको व्यवसायीको भनाइ छ।

निर्यात व्यवसायीका अनुसार मुलुकमा दिनप्रतिदिन व्यापार घाटा बढिरहेको छ। निर्यात बढाएर नेपालको वैदेशिक व्यापार नाफामा लैजान सक्ने क्षेत्रलाई नै सरकारले प्रभावित हुनेगरी निर्णय लिएको छ। आर्थिक वर्ष २०६८/६९ मा कुल निर्यात ७४ अर्ब रुपैयाँ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा बढेर दुई खर्ब ७७ अर्ब पुगेको छ। सोही आर्थिक वर्ष देशको व्यापार घाटा वार्षिक १५ खर्ब २७ अर्ब रहेको छ।

## ललितपुरमा 'नास आइटी एक्स्पो २०२५' हुने

**हिमालय टाइम्स**
काठमाडौं, १६ कात्तिक

यही कात्तिक २१ र २२ मा ललितपुरमा 'नास आइटी एक्स्पो २०२५' आयोजना हुने भएको छ। नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आइटी सर्भिस कम्पनिज (नास आइटी) ले ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा आयोजना गर्ने एक्स्पोमा विभिन्न आइटी सफ्टवेयर, उत्पादन र सेवाहरू प्रदर्शनीमा राखिने आयोजकले आइतबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ। स्थानीय प्रविधि र डिजिटल उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यका साथ पहिलोपटक एक्स्पो गर्न लागिएको नास आइटीका अध्यक्ष गौरव पाण्डेले बताउनुभयो। उहाँका अनुसार एक्स्पोले नेपालको आइटी कम्पनी, नेतृत्व र लगानीकर्तालाई एउटै प्लेटफर्ममा ल्याएर सहकार्यको अवसर र नवीनतम् प्रविधिका सम्भावनाहरूमा केन्द्रित हुन सहयोग गर्नेछ।

नास आइटीका उपाध्यक्ष दिपेन चापागाईंले एक्स्पोप्रति आइटी र व्यावसायिक समुदायबाट प्राप्त उत्साहजनक प्रतिक्रिया आइरहेको भन्दै सहकार्य, नवप्रवर्तन र विश्वासको बलमा नेपालको डिजिटल भविष्य निर्माण गर्ने यो एक्स्पो ऐतिहासिक माइलस्टोन हुने बताउनुभयो। नास आइटीकी महासचिव एलिशा श्रेष्ठले नास आइटी एक्स्पो केवल एक प्रदर्शनी नभई




नेपालको आइटी प्रतिभा र व्यावसायिक अवसरबीचको सेतु बन्ने बताउनुभयो। ३० भन्दा बढी आइटी सेवा र उत्पादनहरूको प्रदर्शनी हुने एक्स्पो अवलोकनकर्ताका लागि विशेष अफरको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ।

उद्यमी, निजी तथा सरकारी क्षेत्रका उच्च अधिकारी, नीति निर्माता, लगानीकर्तालगायत सूचना प्रविधिमा रुचि राख्ने व्यक्तिहरूको सहभागिता रहने एक्स्पो निःशुल्क अवलोकन गर्न सकिने बताइएको छ। आयोजकका अनुसार एक्स्पोको शीर्ष प्रायोजकमा अकाउन्टिङ सफ्टवेयर 'टिग' रहेको छ भने सिल्भर स्पोन्सरमा इसेवाका साथै ज्यापिड, रिडक्ट, एनसेल बिजनेस, भायानेट कम्युनिकेसन र डेटा वर्ल्डलगायतले सहकार्य गरेका छन्। दिगो विकास साझेदारमा ग्लोबल आइएमई बैंक र आर्किड कलेज रहेका छन्।

## दराजको 'लास्ट-माइल डेलिभरी सोलुसन'

**काठमाडौं ।** इ-कमर्स प्लेटफर्म दराजले आफ्नो लजिस्टिक एकाइ दराज एक्सप्रेस (डिइएक्स) मार्फत् गैर-प्लेटफर्म ब्राण्ड र बिक्रेतालाई लक्षित गरी नयाँ सुविधा 'लास्ट-माइल डेलिभरी सोलुसन' सार्वजनिक गरेको छ। उक्त सेवा दराजको प्लेटफर्ममा नभए पनि आफ्ना उत्पादन बिक्री गर्ने व्यवसायका लागि छिटो, भरपर्दो र प्रविधिमुखी वितरण समाधानका रूपमा आएको बताइएको छ। कम्पनीका अनुसार कृत्रिम बुद्धिमता (एआइ) मा आधारित रुट-प्लानिङ र रियल-टाइम पार्सल ट्र्याकिङ प्रविधि प्रयोग गरेर डिइएक्सले स्थानीय अर्डरहरू २४ घण्टाभित्र र अन्तर-शहर डेलिभरीहरू ४८ घण्टाभित्र सम्पन्न गर्ने क्षमता राख्छ। जसले औसत डेलिभरी समयलाई १.५ दिनभन्दा कममा झारेको छ। हालसम्म एक सय आठ प्रमुख शहरमा सेवा विस्तार गरिसकेको डिइएक्सले आगामी ११.११ अभियानअघि थप ७० शहरमा आफ्नो सेवा विस्तार गर्ने योजना बनाएको छ।

जसअन्तर्गत बिक्रेतालाई हप्तामा धेरैपटक क्यास-अन-डेलिभरी रकम सेटलमेन्टको सुविधा मिल्नेछ, नगद प्रवाहमा सहजता ल्याउनेछ। असफल डेलिभरीमा कुनै शुल्क नलाग्ने व्यवस्थाले व्यवसायीको जोखिम घटाउने लक्ष्य लिइएको छ।

**जुवातासले गर्छ सर्वनाश**

**जुवातासको लतले,**

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

**जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

**Provincial Government**
**Ministery of Social Development**
**Education and Social Developement Directorate**
**Social Development Division Office (Pyuthan)**
**Lumbini Province**

**Invitation for E-Bids**

**First Date of Publication: 2082-07-17**

Social Development Division office, Pyuthan invites electronic bids from eligible bidders for the following project under National competitive Bidding -Single Stage bidding procedures. All other information & Bid Documents Can be Downloaded from PPMO'S Website All www.bolpotra.gov.np/egp. For more information call on 9857860143

| S.N | Contract NO: | Brief Description of works | Etimated cost (without VAT and cont) | Bid Security | Cost of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | 01-SDDO/NCB-082/083 | Construction of Building: Yagyashori Aa.vi Mandavi -04 Pyuthan. | 20,61,265/- | 60,000/- | 3,000/- |
| 2 | 02-SDDO/NCB-082/083 | Construction of Building: Amar Ma.viMallarani Ga.Pa -02 Pyuthan. | 20,60,813/- | 60,000/- | 3,000/- |
| 3 | 03-SDDO/NCB-082/083 | Construction of Building: Devibhakta Aa.vi Sunilsmriti Ga.Pa -01 Rolpa. | 20,61,161/- | 60,000/- | 3,000/- |
| 4 | 04-SDDO/NCB-082/083 | Construction of Building: Namuna Bal Pra.Vi Lungri Ga.Pa -06 Rolpa. | 20,61,449/- | 60,000/- | 3,000/- |
| 5 | 01-SDDO/SQ-082/083 | Construction of Building: janakalyan Pra.Vi Mallarani Ga.Pa -02 Pyuthan. | 13,74,343.7/- | 40,000/- | 1,000/- |
| 6 | 02-SDDO/SQ-082/083 | Construction of Building: janata Ma.Vi Mallarani Ga.Pa -01 Pyuthan | 13,74,387.8/- | 40,000/- | 1,000/- |
| 7 | 03-SDDO/SQ-082/083 | Construction of Building: Balsudhar Aa.Vi Gaumukhi Ga.Pa -07 Pyuthan | 13,74,141.8/- | 40,000/- | 1,000/- |
| 8 | 04-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Building): Bhumikasthan Aa.Vi Gaumukhi Ga.Pa -07 Pyuthan | 13,73,859.3/- | 40,000/- | 1,000/- |
| 9 | 05-SDDO/SQ-082/083 | Construction of Truss Building: Amrit jivan Ma.vi Gaumukhi Ga.Pa -07 Pyuthan | 13,72,695.3/- | 40,000/- | 1,000/- |
| 10 | 06-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Building): Sita Ma.Vi Jhimruk Ga.Pa -07 Pyuthan | 13,74,499.5/- | 40,000/- | 1,000/- |
| 11 | 07-SDDO/SQ-082/083 | Construction of Building: Prabhat Ma.Vi Jhimruk Ga.Pa -03 Pyuthan | 13,73,764.2/- | 40,000/- | 1,000/- |
| 12 | 08-SDDO/SQ-082/083 | Construction of Building: Ganesh Aa.Vi Mandavi Ga.Pa -02 Pyuthan. | 13,73,081.1/- | 40,000/- | 1,000/- |
| 13 | 09-SDDO/SQ-082/083 | Construction of Building: Saraswati Aa.Vi Runtigadhi Ga.Pa -09 Rolpa. | 13,74,853.8/- | 40,000/- | 1,000/- |
| 14 | 10-SDDO/SQ-082/083 | Purbhadhar Nirman (completion of Building): Gokul Ma.vi Lungri Ga.pa-02 Rolpa | 13,73,693.0/- | 40,000/- | 1,000/- |
| 15 | 11-SDDO/SQ-082/083 | Adhuro vaban Nirman (Construction of Truss): Yubabarsa Ma.Vi Lungri Ga.Pa -01 Rolpa | 13,74,130.9/- | 40,000/- | 1,000/- |
| 16 | 12-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Truss Building): Janata Ma.Vi sworgdwari na.pa -08, Pyuthan. | 13,74,456.2/- | 40,000/- | 1,000/- |
| 17 | 13-SDDO/SQ-082/083 | Apuro vaban Nirman: Sishu kalian Pra.Vi Pyuthan Na.pa -07, Pyuthan. | 13,73,491.9/- | 40,000/- | 1,000/- |
| 18 | 14-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Truss Building): Janakalyan Aa.Vi Mallarani Ga.Pa -03 Pyuthan | 10,30,229.7/- | 30,000/- | 1,000/- |
| 19 | 15-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Toilet): Padmodaya Ma.vi Runtigadhi Ga.Pa -01 Rolpa | 10,30,918.1/- | 30,000/- | 1,000/- |

Bid Submission deadline for NCB Before 2082/08/17 at 11:30 AM & Bid opening Date 2082/08/17 at 12:00 Pm
Bid Submission deadline for SQ Before 2082/08/02 at 11:30 AM & Bid opening Date 2082/08/02 at 12:00 Pm

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल